# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २८ पूर्णाङ्क १२६ | २०७५ पुस २३ गते सोमबार | Monday, Jan. 7, 2019 | पृष्ठ ८ | मूल्य रु. १०/-


## शिक्षक संगठनका उपाध्यक्षको निधन, पार्टी र संगठनद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय उपाध्यक्ष तर्कबहादुर थापा मगरको हृदयघातका कारण मंगलबार राती २ बजे असामयिक निधन भएको छ । क्रान्तिकारी माओवादी कर्णाली प्रदेशका सदस्य समेत रहेका थापामगरलाई राती एक्कासी श्वास फेर्न गाह्रो भएपछि आकस्मिक रूपमा अस्पतलाल लैजाने तयारी गर्दै गर्दा ...बाँकी ५ पेजमा

# वाइडबडीका भ्रष्टाचारीलाई कालोमोसो

● वर्गदृष्टि संवाददाता



काठमाडौं । नेपाल वायुसेवा निगमको दुईवटा वाइडबडी जहाज खरिद प्रकरणमा भएको ४ अर्ब ३५ करोड ५६ लाख भ्रष्टाचारमा संलग्नमाथि नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपाल(आरवाइएल)ले कालोमसो कारबाही गरेको छ । लिगको ३ नं. प्रदेशको योजनामा वाइडबडी प्रकरणका मुख्य दोषी निगमका महाप्रबन्धक सुगतरत्न कंसकारलाई शुक्रबार उनकै कार्यकक्षमा पुगेर आरवाइएलले कालोमसो दलेको हो । आरवाइएलले गरेको यो एक्सनसँगै राजनीतिक वृतमा क्रान्तिकारी माओवादी र आरवाइएलको चर्चा र प्रशंसा बाक्लिएको छ भने आम क्रान्तिकारी पंक्तिमा आशा र उत्साहको सञ्चार भएको छ । केन्द्र सरकारदेखि प्रदेश सरकारहँदै स्थानीय तहसम्म महामारीको रूपमा फैलिएको भ्रष्टाचार, अनियमित्तता र राज्यको स्रोत साधनमाथि ब्रम्हलुट चलिरहेको बेला आरलाइएलले गरेको यो कारबाहीलाई आम जनताले सकारात्मक रूपमा लिएका छन् । सामाजिक सञ्जालमा त यस्ता कारबाहीलाई देशव्यापी बनाउनु पर्ने र राजनीतिक संरक्षणमा भ्रष्टाचार हुने गरेकाले अब भ्रष्ट नेताहरूलाई कारबाही गर्नुपर्ने सुझावहरूको ओइरो लागेको छ ।

भ्रष्टाचारको चर्चित वाइडबडी प्रकरणमा संलग्न निगमका महाप्रबन्धक कंसकारलाई कालोमसो दलेपछि त्यसमा मुछिएका राजनीतिक नेताहरूमाथि पनि एक्सन गर्नुपर्ने अधिकांशको सुझाव सामाजिक सञ्जालमा आएको छ । कारबाही लगत्तै क्रान्तिकारी युवा लिगको ३ नं. प्रदेशको तर्फबाट संयोजक संकल्पले एक वक्तव्य जारी गर्दै वाइडबडी खरिद प्रकरणमा कंसकार मुख्य दोषी रहेकोले उनीमाथि कालोमसो दलिएको दाबी गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "पर्यटन मन्त्रालय तथा नेपाल वायु सेवा निगम समेतको संलग्नतामा खरिद गरिएको दुईवटा वाइडबडी जहाज (ए ३३०-२००) को खरिद प्रक्रियामा राज्य स्रोत, साधनको चरम दुरूपयोग गरी ४ अर्ब ३५ करोड ५६ लाखभन्दा बढी अनियमितता भएको र त्यसमा निगमका महाप्रबन्धक कंसकारको मुख्य भूमिका देखिएकोले उनीमाथि कारबाही गरिएको हो ।"

वक्तव्यमा वाइडबडी जहाज खरिद प्रकरणमा जहाजको बोलपत्र मूल्यांकन तथा प्रस्ताव छनौट, जहाज खरिद प्रक्रिया, खरिद बिक्री सम्झौता र भुक्तानी प्रक्रियामा ४ अर्ब ३५ करोडभन्दा बढी भ्रष्टाचार भएको सार्वजनिक लेखा समितिले गठन गरेको उपसमितिले मंगलबार मात्र प्रतिवेदन सार्वजनिक गरेको छ । जसमा वर्तमान पर्यटनमन्त्री रविन्द्र अधिकारी, पूर्वमन्त्रीद्वय जीवनबहादुर शाही र जितेन्द्र नारायण देवसहित पूर्व सचिव, वहालवाल सचिव र विभिन्न कर्मचारीको नाम सार्वजनिक गरेको छ । यसमा नेपाल वायु सेवा निगमका महानिर्देशक सुगतरत्न कंसकारको मुख्य भूमिका रहेको पनि तथ्यहरूले पुष्टि गरेको उल्लेख गरिएको छ ।

यस पृष्ठभूमिमा भ्रष्ट मन्त्री र कर्मचारीहरूलाई जिम्मेवारीबाट बर्खास्त गरी ...बाँकी ७ पेजमा

## आरवाइएलका नेता तामाङ पक्राउ, विना शर्त रिहाई गर्न क्रान्तिकारी माओवादीको माग



काठमाडौं । वाइडबडी खरिद प्रकरणमा ४ अर्ब ३५ करोड ५६ लाख घोटालाको मुख्य आरोपी नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसकारलाई कालोमोसो दलेको आरोपमा क्रान्तिकारी युवा लिग, नेपालका नेता सुरेश तामाङलाई प्रहरीले पक्राउ गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन लिगका केन्द्रीय सचिवालय सदस्य तामाङलाई महानगरीय अपराध अनुसन्धान महाशाखा, टेकुको टोलीले चन्द्रागिरी-४, थानकोटबाट पक्राउ गरेको जनाएको छ । नेता तामाङलाई घरबाट खाना खाएर बाहिर निस्कन लाग्दा विहान ११ बजे घरैबाट गिरफ्तार गरिएको पारिवारिक स्रोतले जनाएको छ । उनलाई पक्राउ गरी महानगरीय प्रहरी परिसर टेकुमा राखिएको छ ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्ला सचिव सरुले ...बाँकी ८ पेजमा

## बिगेसोको अन्तरक्रिया कार्यक्रम भव्य रूपमा सम्पन्न



काठमाडौं।पूर्वब्रिटिशगोर्खाहरूको संगठन बिगेसोले काठमाडौंको बागबजारस्थित हलोक्याफेमा शानिवार एक अन्तरक्रिया कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ । उक्त कार्यक्रम संगठनद्वारा माघ ११ गते काठमाडौंको कमलादिस्थित राष्टिय प्रज्ञा प्रतिष्ठानमा गरिन लागेको वैचारिक सांस्कृतिक कार्यक्रमलाई लक्षित गरी आयोजना भएको थियो । अन्तरक्रिया कार्यक्रममा आफ्ना विचार तथा कार्यक्रमहरूलाई सांस्कृतिक ...बाँकी ७ पेजमा

## क्रान्तिकारी ट्रेड यूनियन महासंघले राष्टिय सम्मेलन गर्ने



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले ०७६ साल बैशाख १८ गते राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ । महासंघको शुक्रबार काठमाडौंको बुद्धनगरमा बसेको केन्द्रीय सचिवालयको बैठकले मजदुर दिवसको दिन पारेर सम्मेलन गर्ने निर्णय गरेको हो ।

महासंघले सम्मेलनलाई लक्षित गर्दै ७ वटै प्रदेशको भेल ागर्ने, विभिन्न पेशागत घटक संघहरूको भेला तथा सम्मेलनहरू गर्ने ...बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादीले मनायो बेथान वीरता स्मृति दिवस



● अमिट योञ्जन

रामेछाप । नेकपा (क्रान्तिकारी माओवादी) वेथान चौकीमा आक्रमण गर्दा जीवन बलिदान गर्ने महान सहिदहरूको सम्झनामा वेथान वीरता स्मृति ...बाँकी ७ पेजमा

## ठमेलको १३ रोपनी सार्वजनिक जग्गा बचाउन ज्ञापन पत्र



काठमाडौं । ठमेलस्थित ऐतिहासिक सम्पदा कमलपोखरी रहेको करिब १३ रोपनी जग्गा भूमाफियाले अतिक्रमण गरेको भन्दै नेवाः राजनीतिक अभियानले शुक्रबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिलाई ज्ञापन पत्र बुझाएको छ । नेवाः राजनीतिक अभियानको तर्फबाट अध्यक्ष सानुकाजी महर्जनको नेतृत्वमा गएको एक टोलीले सिंहदरबार स्थित समितिलाई ज्ञापन पत्र बुझाउँदै अतिक्रमित उक्त जग्गा रोक्नका लागि आवश्यक छानविन प्रक्रिया अगाडि बढाउन समेत माग गरेको छ ।

ज्ञापन पत्रमा उक्त सार्वजनिक ऐतिहासिक सम्पदा कमलपोखरीमाथि भएको अतिक्रमणको विषयलाई लिएर पटक पटक विरोध गरिए पनि गुठि संस्थान, पुरातत्व विभाग र स्थानीय कामनपा वडा नं. २६ लगायत सरोकारवाला निकायले गैरजिम्मेवारपूर्ण मौनता दर्शाएको आरोप लगाइएको छ ।

उक्त ऐतिहासिक महत्वको पोखरीमा कानुनविपरीत अनाधिकृति रूपमा व्यक्तिगत मोही कायम गराई व्यक्तिगत नाममा दर्ता कायम गरी बेचविखन गरी हाल उक्त पोखरी मासेर छायाँदेवी कम्प्लेक्स प्रा.लि.द्वारा भवन निर्माण कार्य भइरहेको पनि ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

ज्ञापन पत्रमा नेवाः बौद्ध समुदायको श्री थँवहिल विक्रमशील महाविहार सिंह ...बाँकी ५ पेजमा

# उमेरको अन्तर संघर्ष

● अटल ●

***महान् माओले भनेझैं जनता-जनता र फेरि पनि जनता नै इतिहासका निर्माता हुन् । भनेको कुरा लागु भइनै रहेको छ ।***

हामी सानो छदा जाडो याममा अगेनामा आगो ताप्ने ठूलो प्रतिस्पर्धा हुन्थ्यो । सन्तानले डाडाँकाडाँ ढाकोस् भन्ने समयमा हामी आधा दर्जन सन्तान थियौ । एकमुठी तातोको लागि भाइबहिनीहरूमा घमासान चल्थ्यो र जित्नेले अलि बढी ठाउँ ओगटेर बढी तातो लिन्थ्यौं भने नसक्नेले टाढैबाट ठिग्रयाएको हात छिराएर भए पनि तातो लिइन्थ्यो । त्यस्तोमा सबैभन्दा समस्या बुवा आएपछि हुन्थ्यो । बुवाले दुवै खुट्टा फट्टाएर साप्राको मासुमा विराली पर्ने गरी आगो तापेपछि अरुले तातोको भेउ नै नपाउने । आमा भने घरायसी कामले गर्दा अगेंनीको डिलमा बस्नै नपाउने लुगा फेरेर खाना बनाउदा भने चुल्होमा अरु जान नपाउने हुँदा एकाधिकार हुन्थ्यो । जब काम विशेषले बुवाले अगेना छोड्नु हुन्थ्यो हामी छोराछोरी 'बुढा गोरु मऱ्यो भकारो खनीयो' भन्ने उखान हाल्दै घम्साघम्सी गर्दै आगो ताप्थ्यौ । आज आमाबुवा दुवैको मृत्यु भएको बेला त्यो उखान कति घातक रहेछ सम्झदा धिक्कार लाग्छ । यही कुरा राजनीतिमा लागु गर्दा पूर्व एमालेले ७० वर्ष नाघेपछि सत्ताको अगेंनामा आगो ताप्न नपाउने नियम बनाएछ । एक प्रकारले ठीकै निर्णय गरेछ भन्ने लागेको थियो । कहिले यो घरका जहान सबै मर्लान् र आगो ताप्न पाउला भनेर रात दिन धुप हाल्ने विरालो जस्तै नयाँ ठेट्नाहरूले सत्ता चलाउने तिमी बुढाहरूले होइन हामी ठेट्नाहरूले हो भन्ने भनाइ हिजोआज अखबारका पन्ना र फेसबुके वालहरूमा प्रशस्त देख्न पाइन्छ । त्याग, तपस्या, बलिदान गर्नु परेन, एक दिन जेल बस्नु परेन, उपभोक्ता समितिमा बस्यो ७० प्रतिशत लुट्यायो, वनका काठ, नगदीजन्य पदार्थको व्रम्हलुट गऱ्यो, जग्गा दलाली गरेर टुप्पाबाट पलाएका नवधनाढ्यले पैसाको खोलो बगाएर चुनाव जितेर सत्ताको तर मार्न पाइन भनेर बुढाबुढीलाई सरापेर अरण्यरोदन गरेर केही फाइदा हुँदैन । हो 'नरित्ति एउटाको घर भरिन्न' अर्काको भनेजस्तो बुढाहरूलाई विस्थापित नगरि आफ्नो पालो नआउने हुँदा आफ्नो स्वार्थ सिद्ध गर्न ठेट्नाहरूले रेखा गणितका स्वयमसिद्ध तथ्यको खण्डन गर्ने नै भए तर विचार कहिले बुढो हुँदैन देश, जनता, पार्टी र क्रान्तिको लागि त्याग, तपस्या, वलिदान गर्न बुढाहरूले कहिल्यै छेक्दैनन् । ढुंगा खाएर पचाउने उमेरमा मुग्लान भासिने उतैतिर बुद्ध नेपालीलाई ठगठाग पारेर संगठन बनाउने त्यसैको बलमा पैसा कमाएर देशमा नेता हुन खोज्नेदेखि राजनीतिलाई ढाल बनाएर साम्राज्यवादी पैसामा डकार्नेएनजीओ/आइएनजीओवादीहरूको राजनीतिमा पकड बनाएर बुढाहरूलाई सरापेको देख्दा भने उदेक लाग्छ ।

महान् माओले भनेझैं जनता-जनता र फेरि ...बाँकी ८ पेजमा

## सम्पादकीय

# भ्रष्टाचारीलाई कालोमोसो

नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारको अनुहारका कालो मोसो दलियो । उनकै कार्यकक्षमा पुगेर क्रान्तिकारी युवा लिगले उनको अनुहारमा कालो मोसो दल्यो । यसका बारेमा अधिकांशको सकारात्मक तर केहीको नकारात्मक धारणाहरू सञ्चार माध्यमहरूमा आए पनि । साधारण जनताका माझमा यसले चर्चा पनि पायो । यद्‍यपि यो भन्दा अघि पनि युवाहरूले भ्रष्टाचारीहरूमाथि यस्ताखालका कारबाहीहरू निरन्तर गर्दै आएका पनि छन् । तर हालको विशिष्ट परिस्थितिमा कंसाकारमाथिको कालो मोसो उनीमाथिको मात्र नभएर दुईतिहाईप्राप्त त्यो पनि कम्युनिष्टको सरकारमाथि दलिएको कालो मोसोका रूपमा प्रवुद्ध विश्लेषक र सर्वसाधरण्ण जनताका माझमा चर्चामा आएको छ ।

पहिलो कुरा त भ्रष्टाचार किन संस्थागतभएर मौलाइरहेको छ र मन्त्री तथा उच्च ओहदाका कर्मचारीहरू यसमा निर्लिप्त भएर लागिपरेका छन् ? भ्रष्टाचार आफैमा दण्डनीय पनि छ । कानुनमा दण्डको व्यवस्था गरिएको पनि छ । तर भ्रष्टाचारको सप्रमाण गम्भीर आरोपसहित प्रक्रिया अघि बढाइँदा पनि भ्रष्टाचारीहरू उच्च ओहदामा छाती फुकाएर कार्यालयमा बसी कार्य सम्पादन गरिरहेका छन् । अझ उल्टै एक अपराध छोप्न हजारौं अपराधहरू गरिरहेका छन्, ढाँटिरहेका छन् र चुनौती दिइरहेका छन् । कसको संरक्षण छ यिनीहरूलाई ? यो प्रश्न जनताले सोधिरहेका छन् । बलात्कारीहरू निर्बाध कुम हल्लाउँदै हिंडिरहेका छन् । कमिसनखोर, घुसखोर, माफिया, बिचौलिया र दलालहरूको बिगबिगी छ । सरकार, त्यो पनि दुईतिहाइको, अझ कम्युनिष्ट नामधारी, समाजवादको निर्माणमा लागेको, निकै त्याग, तपस्या र बलिदान गरेर आएको भनिएको, पाँच वर्षका लागि बनेको छ । यसैको शासनको सुरुआतमा नै अबाञ्छित तथा देशको कानुनद्वारा निषेधित गरिएका भनिएका काम कार्वाहीहरू खुल्लमखुल्ला भइरहेका छन् । त्यो पनि सत्तासिन सरकार र यसका उच्चतहका कर्मचारीहरूबाट ।

यी कुराहरूबाट थाह हुन्छ स्वयम् सरकार आफैमा यी कुराहरूमा प्रत्यक्ष जोडिएको छ । मानौ सरकार भनेको देश र जनविरोधीहरूको माखेसांलोको एक केन्द्रीकृत स्वरूप मात्र हो । कंसाकारको भ्रष्टाचारसँग सत्ताधारी पार्टीका पर्यटन मन्त्री रविन्द्र अधिकारी मुछिएका मात्र होइन, एक निर्देशक र प्रमुख जिम्मेवारका हैसियतले नेतृत्व गरिरहेका छन् । उनी सत्ताधारी दल नेकपाका युवा नेतामा गनिन्छन् । उनी वाइड बडी विमान खरिद अनियमितताका मुख्य दोषी हुन् । उनलाई जोगाउनका लागि आज छानबिन समितको प्रतिवेदन नै खोटपूर्ण भनेर उचाल्न थालिएको छ । यो शायद गृहमन्त्रालयका सचिव रहेका प्रेम राईको विषयलाई लिएर त्यो गर्न खोजिदै छ । रबिन्द्र अधिकारीको नाम लिंदा यो राजनीतिकरण हुन्छ भनेर सचिव राईको नामबाट बंग्याउन खोजिएको स्पष्ट बुझिन्छ । अर्कोतर्फ अझैसम्म समाधान नभएको र दोषी पत्ता नलागेको कञ्चनपुर निर्मला बलात्कार तथा हत्या घटनाको अपजस बोकिरहेका गृहमन्त्री रामबहादुर थापाको थाप्लोमा खेलिएको अर्को खेल हुनसक्छ । क्रान्तिकारी युवा लिगले त कंसाकारको मुखमा मात्र दल्यो, कालो मोसो । त्यो कालो मोसो अब नेकपा र यसको ओली सरकारले एकअर्काको अनुहारमा दलादल गर्ने प्रयत्नमा लागिपरेका छन् ।

क्रान्तिकारी युवा लिगले गरेको महाप्रन्धकमाथिको जनकारबाही ओली सरकारका लागि कानुनी र नैतिकताको चुनौती बनेर आएको छ । जनस्तरबाट भ्रष्टाचारीमाथि कारबाहीको माग अनुमोदन हुने तर ओली सरकार त्यसलाई लुकाएर वा संरक्षण गरेर बस्ने गर्नु कानुन र नैतिकता दुवै हैसियत गुमाएको सरकारमा परिणत हुनु हो । जनताले हेर्न चाहेका छन् नेपाल र नेपालीको ४ अर्बभन्दा बढी अनियमितता गरेका मन्त्री रबिन्द्र अधिकारी, सरकारका बहालवाला सचिवहरू, पूर्वमन्त्रीहरू तथा योजनाकार सुगतरत्न कंसाकारमाथि ओली सरकारले कारवाही गर्ने आँट गर्छ वा उनीहरूको बचाउ ? यदि बचाउमा लागेछ भने सुगतरत्नको अनुहारमा लागेको कालो उनीहरूको अनुहारमा स्वतः सर्ने छ ।

## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# जगत बा, साधारण व्यक्ति असाधारण व्यक्तित्व


नारायण शर्मा 'विपिन'

जगत बा, हाम्रो पुस्ताका कम्युनिष्ट कार्यकर्तालाई इतिहासको एक भण्डार । उहाँका समकालिनका लागि जगत माडसाव ! हाम्रो पुस्ताका लागी आदरणीय जगत बा अर्थात् जगत बहादुर श्रेष्ठ । कम्युनिष्ट आन्दोलनको संघर्षका एक संवाहक र साक्षी । जगत बा जीवनको उत्तरार्धमा पनि राष्टिययता र जनतन्त्रका पक्षमा उत्तिकै सचेत नागरिक । शरिर जीर्ण भए पनि सशक्त कविता र निवन्धका सर्जक ।

जगत बालाई मैले २०६३ को भदौमा पहिलो पटक भेटेको हो । म प्रवासवाट स्थानान्तरण भएर चितवन जिल्ला आउँदा यहाँ गणतान्त्रिक अभियान चलिरहेको थियो । माडीको बरुवाबाट सुरु भएको उक्त अभियानमा एकराज थापा शुकदेव (रौतहट) र म चनौलीबाट जोडियौं । तत्कालिन जिल्ला इन्चार्ज क. सूर्य सुवेदी 'पथिक'को सल्लाहअनुसार नगर क्षेत्रभित्र प्रवेशपश्चात् अभियानमा रहेको जनमुक्ति सेना नेपाल, वासु स्मृति ब्रिगेडको एउटा कम्पनी कमिसारको भूमिकासहित म अभियानमा सहभागी भए । नारायणगढ बजारबाट मंगलपुर, विजयनगर तर्फ जाने क्रममा अभियान यात्रीहरूलाई स्थानिय पार्टीको तर्फबाट बिदाइ कार्यक्रम राखिएको रहेछ । औपचारिक कार्यक्रमपश्चात् सबैलाई एक एकवटा तौलिया दिएर एक बूढो कमरेडले विदाइ गरि रहनु भएको थियो ।

सानो ख्याउटे शरीर, निधारमा टुटुल्को उठेको, फुल्न लागेको कपाल भएका ती बूढा मैले पहिलो पटक भेटेको भए पनि पुरानै चिनजान जस्तो भयो । समय क्रममा मैले उहासंग संगतगर्ने अवसर र उहाँको बारे जानकारी दुवै पाए । उहाँ चितवनका माओवादीहरूका एकजना अभिभावकनै हुनुहुंदो रहेछ । ती ख्याउटे बूढालाई सबैले सम्मानका साथ 'जगत बा' नामले सम्बोधन गर्ने गर्दारहेछन् । त्यतिखेर नयाँ भेट न लागे जस्तै जगत बासँग यति धेरै उठबस उहाँको परिवार संगै घुलमिल हुँदा पनि जतिबेला भेटे पनि हरेक भेट नयाँ झैं लाग्छ, केही न केही नयाँ ज्ञानका साथ ।

व्यक्तिको मृत्यु पश्चात् श्राद्ध गर्ने प्रवृत्ति विपरीत कम्युनिष्टहरूले आफ्ना पूर्खाहरूको जिवित छँदै गुण र दोषका आधारमा आलोचना, सद्भाव र सम्मान व्यक्त गर्न सक्नु पर्छ । जगत बाको अभिनन्दन ग्रन्थ निकाल्ने कुरो चलिरहेको थियो । एक किसिमले समिति बनेर छलफल चल्दै गर्दा उहाँको नागरिक अभिनन्दनको निधोमा पुगियो । म आफै पनि त्यसको सचिवालय सदस्यमा चयन भए र म आफैले यो लेखनको शीर्षक छाने । मान्छे जीवित छँदा उसको मूल्याङ्कन र व्यक्तित्व माथि बोलिहाल्नु धेरै जोखिमयुक्त कुरा हो जस्तो मलाई लाग्छ । इतिहासका 'गद्धार पुष्पलाल'देखि 'प्रचण्ड-पथ' सम्मका सन्दर्भ आलै छन् । र, जगत बाका व्यक्तित्वका थुप्रै आयाम छन् । उहाँले चितवनमा लामो समयसम्म शिक्षण पेशा अंगालेर बस्नु भयो ।

**मलाई जगतबाको सामान्य जीवनशैलीले हमेशा प्रभावित पारि रहन्छ । सामान्य लवाइखवाइ, श्रमप्रतिको लगाव, अध्ययन र नित्य श्रृजना उहाँका जीवनका आधार हुन् । जहिल्यै उहाँको घर जाँदा कि त करेसाबारीमा काम गरिरहे को अवस्थामा, नभए पढ्दै लेख्दै गरे को भेट्छु' त कहिले आफ्ना लुगाफाटा आफै धोएको अवस्थामा पनि देख्छु' अनि सोच्छु' यत्तिको बूढो मान्छे यसरी सक्रिय रहँदा किन म र मेरो पुस्ता निष्क्रियतामा रमाउँछ हँ मैले चिनेदे खि आजसम्म जगत बालाई धेरै फेरि एको देखेको छैन**

नारायणगढको बालकुमारी स्कूलमा उहाँले अध्यापन गर्नुभयो । पत्रकारिता पनि उहाँको एक चिनारी हो । सामन्त धर्मे साहुको गोदाम कब्जा गर्ने जुगेडी संघर्षको रिपोर्ट उहाँले नै तयार पारेर मातृभूमिमा प्रकाशन गराउनु भएको थियो । त्यस बखत उहाँ त्यस पत्रिकाको सम्वादाताको रूपमा पनि काम गर्नुहुन्थ्यो । रिपोर्ट छापिएपछि बूढाले पनि दुःख पाए । पञ्चायत कालमा जगतबाको मः मः पसल चल्तीमा थियो । तात्कालीन पार्टी नेताहरूले जगतबाको पसललाई भूमिगत भेटघाटको थलो (सेल्टर) बनाएका थिए । किरण, सीपी गजुरेल, प्रचण्ड, बादल लगायतका सबै माओवादी नेताहरू सांगठनिक कामपछि जगतबा मःमः पसलमा भेट भएर मःमः खाने गरेको स्मरण गर्नुहुन्छ, जगत बा !

सबै मान्छेका जीवन अरुका निम्ति उत्तिकै शिक्षाप्रद नहुन पनि सक्छन् । जगत बाको जीवनका केहि आयामहरू छन्, जसले मलाई प्रभावित बनायो र एउटा साधारण ख्याउटे बूढा मलाई असाधारण लाग्न थाल्यो ।

**जीवनशैली :**

मलाई जगतबाको सामान्य जीवनशैलीले हमेशा प्रभावित पारि रहन्छ । सामान्य लवाइखवाइ, श्रमप्रतिको लगाव, अध्ययन र नित्य श्रृजना उहाँका जीवनका आधार हुन् । जहिल्यै उहाँको घर जाँदा कि त करेसाबारीमा काम गरिरहेको अवस्थामा, नभए पढ्दै लेख्दै गरेको भेट्छु' त कहिले आफ्ना लुगाफाटा आफै धोएको अवस्थामा पनि देख्छु' अनि सोच्छु' यत्तिको बूढो मान्छे यसरी सक्रिय रहँदा किन म र मेरो पुस्ता निष्क्रियतामा रमाउँछ ...बाँकी ७ पेजमा

# भारतमा किसान आन्दोलन

● अल्फ गुणभल्ड निल्सन

गत नोभेम्बर महिनाको अन्तिम साता भारतको राजधानी नयाँ दिल्लीमा दसौं हजार किसानहरूले विशाल जुलुस प्रदर्शन गरे । भारतका ग्रामीण क्षेत्रमा बढ्दो सङ्कट समाधानको लागि राजनीति पहलको माग गर्दै जुलुसमा किसानहरूले लगाएको नाराले सहर गुञ्जायमान भएको थियो । "हामीलाई केन्द्रीय सरकारदेखि रिस उठेको छ", भारतकै सबैभन्दा विपन्न जिल्लामध्येको झबौ जिल्लाका एक जना किसानले भने, "किसानहरूलाई यो सरकारले दिएको कुनै पनि वचन पूरा गरेको छैन ।"



भारतभरिका दुई सयभन्दा बढी किसान संगठनको साझा सञ्जाल अखिल भारत किसान सङ्घर्ष समन्वय समितिको आयोजनामा सो प्रदर्शन गरिएको थियो । 'दुई दिने किसान मुक्ति मार्च' नाम दिइएको सो जुलुसमा किसानहरूले आफ्नो अवस्था सुधारका लागि विभिन्न माग उठाएका थिए । भारतमा चालु कृषि क्षेत्रका समस्याबारे छलफल गर्न संसदको विशेष अधिवेशन होस् भन्ने उनीहरूको पहिलो माग हो । उनीहरूको दोस्रो माग कृषि उत्पादनमा न्युनतम सहुलियत मूल्यको बन्दोबस्त होस् भन्ने हो । तेस्रो माग भनेको ऋणमा डुबेका किसानहरूलाई ऋण मुक्त गर्न कानुन बनाइयोस् भन्ने हो ।

भारतका विपक्षी २१ दलका नेताहरूले किसानहरूको सो आन्दोलनप्रति समर्थन जनाएका थिए । "किसानहरू कसैसँग भिख मागिरहेका छैनन् । उनीहरू आफ्नो अधिकार मागिरहेका छन", आम आदमी पार्टीका नेता अरबिन्द केजरिवालले भने ।

सन् २०१४ को निर्वाचनमा नरेन्द्र मोदी र हिन्दुराष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) ले अभूतपूर्व विजय हासिल गरेका थिए । त्यसयता भारतका किसानले आफ्नो आक्रोश र असन्तोष संगठित रूपमा अभिव्यक्त गरेको नयाँ दिल्लीकै जुलुस नै पहिलो भने होइन । गहिरिंदो सङ्कटप्रति राजनीतिक उदासिनताविरुद्ध नयाँ दिल्लीमै सन् २०१८ मा भएको त्यो तेस्रो किसानहरूको विशाल जुलुस हो ।

पछिल्ला साढे एक वर्षको अवधिलाई फर्केर हेर्दा भारतमा किसानहरूले त्यस्ता धेरै प्रमुख विरोधका गतिविधि गरे । सन् २०१७ को गर्मियाममा भारतका धेरै ग्रामीण क्षेत्रमा किसानहरूका विरोध प्रदर्शन र प्रहरीसँग भीडन्तहरू भए । भाजपा स्वयम्ले प्रदेश सरकार चलाइरहेको मध्यप्रदेशमा किसान र प्रहरीबीच भएको हिंसात्मक भीडन्तका क्रममा छ जना किसान प्रहरीको दमनमा परी ज्यान गुमाएका थिए ।

त्यही साल दक्षिण भारतको तामिल नाडुका किसानहरूले नयाँ दिल्लीमा एक सयभन्दा बढी दिन आन्दोलन गरेका थिए । सन् २०१८ को मार्चमा महाराष्ट्रका झण्डै २५ हजार किसानहरूले नासिक सहरदेखि मुम्बईसम्म प्रदर्शन गरेका थिए । ऋणमोचन, न्युनतम सहुलियत मूल्य र भूमि अधिकार नै उनीहरूका माग थिए । गएको नोभेम्बर महिनामै महाराष्ट्रमा अर्को किसानहरूको जुलुस भयो । सो जुलुसमा २० हजार किसानहरूले भाग लिएका थिए । खडेरीग्रस्त क्षेत्रमा राहतको माग गर्दै उनीहरूले त्यो जुलुसको आयोजना गरेका थिए ।

भारतका विशाल ग्रामीण क्षेत्रमा व्यापक र बढ्दो अस्थीरताविरुद्ध किसानहरूका ठूलठूला जुलुसहरू भइरहेका हुन् । कृषि क्षेत्रमा अस्थिरता, बेरोजगारी र राज्य प्रायोजित भूमि अधिग्रहण नै त्यस्ता आन्दोलनका मूलकारण हुने गरेका छन् ।

भारतमा यस्तो परिस्थितिले मूलतः दुई प्रश्न टड्गारो रूपमा उठाएको छ : खासमा किन यसो भइरहेका छन् ? सन् २०१९ को अप्रिलमा भारतमा हुने निर्वाचनसँग किसानहरूका यस्ता जुलुसको के सम्बन्ध छ ?

भारतमा चालु कृषिक्षेत्रको अस्थिरता समग्र भारतको कृषि क्षेत्रमा मडारिइरहेको सङ्कटको अभिव्यक्ति हो । भारतका साना तथा सीमान्तकृत किसानहरूमाथि यो सङ्कटले निम्त्याएको अप्ठ्यारो अवस्थाले कृषि क्षेत्रमा थप अस्थिरता निम्त्याइरहेको छ । कृषि उत्पादनको लागत चर्को गरी बढ्नु र अर्को कृषि उत्पादनको मूल्य भने घट्नु वा स्थिर रहनु नै आजको सङ्कटको मूल कारण हो ।

कृषि उत्पादनको लागत र कृषि उत्पादनको मूल्यबीचको यो खाडलकै कारण किसानहरू चर्को दरमा ऋण लिन बाध्य छन् । ६० प्रतिशतसम्म ब्याज तिर्ने गरी समेत किसानहरूले ऋण लिने गरेका छन् । किसानहरूले चर्को दरमा लिएको ऋण फिर्ता गर्न असम्भवप्रायः छ । फलतः भारतमा किसान र कृषि मजदुरहरूको आत्महत्या महामारीजत्तिकै फैलिएको छ । पछिल्ला वर्षमा यस्तो समस्या भारतभरि फैलिएको छ । किसान र कृषि मजदुरको आत्महत्या दरका सबभन्दा पछिल्लो प्राप्त तथ्याङ्क सन् २०१६ को हो । त्यो साल मात्र भारतमा ११ हजार ३०० किसान र कृषि मजदुरले आत्महत्या गरेका थिए ।

सन् २०१४ को निर्वाचनमा मोदी र भाजपाले 'अच्छे दिन' (राम्रा दिन) को नारा खुब लगाएको थियो । तर आज अवस्था त्यसभन्दा ठीक विपरीत छ । मोदी सरकार बनेयता भारतका किसानहरूको अवस्था दिनानुदिन ओरालोलाग्दो छ । कृषि उत्पादनको लागत क्रमशः बढिरहेको छ भने कृषि उत्पादनको मूल्य भने घटेको घट्यै छ ।

किसानहरूको ऋण समस्याबारे वर्तमान सरकारले मनग्ये ध्यान दिएको देखिंदैन । सन् २०१६ मा भाजपाले भ्रष्टाचार निवारण र कालो धन निषेध गर्न भारु ५ सय र १ हजारका नोटबन्दी गर्ने निर्णय गऱ्यो । नोटबन्दीले भारतका कृषि क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । तथ्य र तथ्याङ्कले यस्तो दृश्य देखाइरहेको अवस्थामा मोदी सरकारले भने आगामी सन् २०२० सम्ममा भारतका किसानहरूको आम्दानी दोब्बरले बढाउने घोषणा गरे । मोदीको ...बाँकी ७ पेजमा

## नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको

# तात्कालिक राजनैतिक तथा सांगठानिक प्रस्ताव

***विषय प्रवेश***

हाम्रो गौरवशाली मोर्चा नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको केन्द्रीय समितिको बैठक औपचारिक रूपमा एक वर्षपछि बसिदैछ । गत बैठकले लिएका निर्णयहरू कार्यान्वयन गर्न समस्या देखा परेको छ । मुलतः संगठन र संघर्ष सम्बन्धमा निर्णयहरू लिइएका थिए । यसका पछाडि हाम्रो संगठनात्मक स्थिति र वस्तुगत अवस्था रहेको देखिन्छ । फेरि पनि हाम्रो मोर्चाको केन्द्रको सचेत पक्षको जुन भुमिका हुनु पर्ने हो, त्यसमा पनि कमी रहन गयो । यसमा सिंगो केन्द्रीय समिति गंभीर हुन आवश्यक छ । यसबाट गंभीर शिक्षा लिँदै आगामी दिनमा गरिएका निर्णयहरू कार्यान्वयन गर्न मोर्चाको केन्द्रदेखि तल सबै तहहरू इमान्दारी र मेहनतपूर्वक लाग्नु पर्दछ ।

गत वर्षको स्थितिभन्दा आज भिन्नै अवस्थामा हामी बैठक बस्न गइरहेका छौं । आज देशको राष्ट्रियता, जनतन्त्र र जनजीविका विगतकोभन्दा गंभीर संकटमा परेको छ । ओली नेतृत्वको कथित कम्युनिष्ट सरकार नाङ्गिसकेको स्थिति छ र जनता यसको भ्रमबाट मुक्त हुँदैछन् । नेवाः आन्दोलन पुनः नेवाः राष्ट्रिय मुक्ति मोर्चाको वरिपरि एकता र ध्रुवीकरण हुँदै अगाडि बढ्ने स्थिति निर्माण हुँदैछ । यस परिस्थितिलाई दह्रो गरी समात्न र अगाडि बढ्न यस बैठकले महत्वपूर्ण भुमिका खेल्ने अपेक्षा गर्न सकिन्छ ।

***वर्तमान परिस्थिति***

१) कालो संविधान अनुसार स्थानीय र संघ तथा प्रदेशका चुनाव हुनु, माकेको एमालेमा विलय हुनु र केपी ओलीको नेतृत्वमा सरकार निर्माण हुनु यस बीचका महत्वपूर्ण घटनाहरू हुन् । वर्षदिन पुग्दानपुग्दै केपी ओलीको नेतृत्वको दुई तिहाइको कथित कम्युनिष्ट सरकार जनताका नजरमा बदनाम र असफल भएको छ ।

२) संघीयता विरोधी ओली नेतृत्वको पार्टी नेकपा(नेकपा)ले अधिकांश स्थानीय तह, संघ तथा प्रदेशमा वर्चस्व कायम गरेको अवस्थामा कर वृद्धिको नौटंकी मच्चाएर संघीयता अफापसिद्ध भएको अर्को नौटंकी मच्चाउन पुगेको छ । वर्तमान संघीयता नक्कली वा नाममात्रको संघीयता हो । मुलुकमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र सामुदायिक उत्पीडन यथावत छ । देशमा सामन्ती ब्रम्हाण्डवादी उत्पीडन जारी रहेको स्थिति छ । देशको आन्तरिक तथा बाह्य राष्ट्रियता गंभीर संकटमा परेको छ ।

३) विगत पंचायत कालमा सुगौली सन्धीपछि कायम भएको पश्चिम नेपालको दार्चुलास्थित लिम्पीयाधुरासम्मको सिमानालाई नक्शाबाट हटाएर कालापानी र लिपुलेकसम्म राख्ने काम तत्कालीन शासकहरूले गरेका थिए । आज देशैभरी भारतबाट प्रकाशित नेपालको नक्शा, जसमा कालापानी र लिपुलेक पनि भारतमा पारिएको छ, सरकारी निकायदेखि देशैभरी सर्वत्र प्रयोगमा ल्याइएको अवस्था छ । त्यतिमात्र होइन, निशाना छापभित्रको नेपालको नक्शा पनि भारतले प्रकाशित गरेको नक्शा नै प्रयोग गरिएको छ । हालै स्थानीय विकास मन्त्रालयले प्रकाशित गरेको नक्शामा नेपालको कुल क्षेत्रफल दश हजार वर्ग किमी कम देखाएर प्रकाशित गरेको छ । यसको चर्चापरिचर्चा देशैभरी भइरहँदा पनि यसमा ओली सरकार मौन साधेर बसेको स्थिति छ । देशैभरी झण्डै ७४ ठाउँमा सिमाना अतिक्रमण भएको छ । लिपुलेकलाई व्यापरिक नाका बनाएर भारत र चीन बीचमा सम्झौता भएको छ । यसमा पनि सरकार मौन छ । नेपालको तराईमा वितरण गरेको नागरिकता र नागरिकता संशोधन विधेयकले जमीन मात्र होइन, जनसंख्यामा पनि भारतीय विस्तारवादबाट अतिक्रमण भइरहेको छ । यसमा सरकार भारतीय विस्तारवादको कारिन्दा जस्तो व्यवहार गरिरहेको स्थिति छ ।

४) देशका अधिकांश जलसंम्पदामाथि भारतीय हस्तक्षेप कायम छ । नेपालले ठुलो परिमाणमा भारतबाट विद्युत खरिद गरिएको स्थिति एकातिर छ भने अर्कोतिर नेपालमा उत्पादित विजुली पनि भारतीय ग्रीड सिस्टेममा जोडेर पुन नेपालमा वितरण गर्ने प्रणालीले गर्दा एकलौटी रूपमा भारतको हातमा विद्युत् वितरण सुम्पने काम भएको छ । यसले गर्दा भारतले एउटा स्वीच अफ गर्दा सम्पूर्ण नेपाल अन्धकार हुने परिस्थिति निर्माण भएको छ । हालसालै आर्थिक प्रलोभनमा पारिएका नेकपा(नेकपा)का नेताको पहलमा साम्राज्यवादीहरूको इसारामा एसिया प्यासिफिक समिटको आयोजना गरी नेपालमा बौद्धिक व्यक्तित्वहरूको जमघट र छलफलको नाममा सरकारको सहभागीता र रु १३ करोड खर्चसहित नक्कली क्रिस्चियन धर्मको कार्यक्रम आयोजना गऱ्यो ।

आज देशको राष्ट्रिय स्वाधीनता नेपालकै इतिहासमा सबैभन्दा गंभीर बनेको छ ।

५) देशको आन्तरिक राष्ट्रियता पनि कम संकटमा छैन । कालो संविधान-०७२ ले नेपालभित्र उत्पीडनमा परेका आदिवासी जनजातिहरू, समुदाय र क्षेत्रमाथिको उत्पीडन यथावत कायम गरिएको छ । आदिवासी जनजातिका भाषा, कला, संस्कृति, धर्म, अर्थतन्त्र र भूगोलमाथि निरन्तर अतिक्रमण र उत्पीडन गर्रिंदै आएको छ । आज जातीय, धार्मिक र क्षेत्रीय विद्वेष भुसको आगो जस्तै सल्किँदै गएको अवस्था छ । यसको विस्फोटनले कस्तो भयानक रूप लिने हो, हेर्न बाँकि छ । यद्यपि यसको संकेत छिटपुट रूपमा देखिन थालेको छ ।

६) काठमाडौं उपत्यकाको आदिवासी नेवाः जाति सबैभन्दा बढी जातीय उत्पीडनमा परेको स्थिति छ । यस जातिको भाषा, कला, संस्कृति र धर्म मात्र होइन, अर्थतन्त्र र आदिभूमिमाथि चौतर्फी अतिक्रमण हुँदै आएको छ । नेवाः जाति नेपालको आदिवासी जातिबाट विकसित भएर जाति वा राष्ट्र बनेको एक मात्र जाति हो । यसको विकसित भाषा, कला, संस्कृति नेपालकै अनुपम सम्पदा हुन् । तर यी सबै क्रमशः लोप पारिँदै लगेको अवस्था छ । झन् अर्थतन्त्र र आदिभूमिमाथिको तीव्र अतिक्रमणले कहिँ नेवाः जाति नै लोप हुने त होइन भन्ने गंभीर अवस्था श्रृजना भएको छ ।

७) ओली नेतृत्वको कथित कम्युनिष्ट सरकारको जनतालाई उपहारको रूपमा आक्कासिदो महँगी, तस्करी, भ्रष्टाचार, महिला हिंसा, बलात्कार र हत्या हुन पुगेको छ । निर्मला पन्तको बलात्कारपछि हत्या भएको ६ महिना नाघिसकेको तर अपराधी पत्ता नलगाएको, सुन तस्करीको अनुसन्धान बीचैमा हराएको, सिण्डिकेट अन्त्य गर्ने कुरा पनि झुट सावित भएको स्थिति छ ।

८) कथित कम्युनिष्ट सरकारका नाउँमा प्रतिक्रियावादमा पतन भइसकेको नेकपा(नेकपा) र ओली सरकारले आफ्नो प्रतिक्रियावादी चरित्र कम्युनिष्ट खोल ओढेर कम्युनिष्ट पार्टी र कम्युनिष्टहरूको बदनाम गर्न जीउज्यान छाडेर लागेको अवस्था छ । यसका विरुद्ध जनतामा पर्ने भ्रम साफ गर्न सबै सच्चा कम्युनिष्ट पार्टी र कम्युनिष्टहरू ब्यापक भण्डाफोरमा लाग्नु पर्ने अवस्था छ ।

९) विपक्षी पार्टी भनिएको नेकाको भुमिका हेर्दा पार्टी डेटस्पायर भएको पार्टी जस्तो भएको छ र उसलाई कम्युनिष्ट भुतले नराम्ररी सताएको छ ।

१०) अन्तर्राष्ट्रिय रूपमा हेर्दा रुस चीनको गठबन्धन, युरोपीयन युनियन र अमेरिका गरी विश्व तीन ध्रुवमा विभाजित रहेको देखिन्छ । आज चीन र अमेरिका बीचमा व्यापारिक युद्ध चलिरहेको स्थिति छ । भारत अमेरिका नजिक जस्तो तर रुस चीन गठबन्धनलाई पनि छोड्न नसकेको जस्तो द्वैत भुमिकामा देखिन्छ । भारतले नेपालको सबै क्षेत्रमा तीव्र हस्तक्षेप गर्दै आएको अवस्था छ । यसले गर्दा नेपाली जनता र राष्ट्रको मुक्तिका लागि सबैभन्दा ठुलो तगारोको रूपमा भारतीय विस्तारवाद रहेको छ ।

समग्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय परि स्थितिमा परिवर्तन आएको छ । यसले क्रान्तिकारी शक्तिका लागि परिस्थिति अनुकूल बन्दै गएको स्थिति छ ।

***नेपालमा आदिवासी जनजाति आन्दोलनको स्थिति***

माओवादी जनयुद्धसँगै सबै उत्पीडित वर्ग, जाति, क्षेत्र, लीङ्ग र समुदायमा उत्पीडनबाट मुक्त हुने चेतना, अभिलासा र उत्साह उत्पन्न भएको थियो । सबै खालका मुक्ति आन्दोलनहरू क्रान्तिकारी पार्टी र क्रान्तिकारी अभियान वरिपरि गोलबन्द भएर शसक्त रूपमा अगाडि बढ्ने कुरा हाम्रै अनुभव र इतिहासले पुष्टि गरिसकेको छ । तर आज जनयुद्धको नेतृत्वबाट देश र जनतामाथि गंभीर विश्वासघात र गद्दारीले गर्दा उत्पीडित वर्ग, जाति, क्षेत्र, लीङ्ग र समुदायले अधिकार पाएनन् । देखावटी रूपमा गणतन्त्र, संघीयता र धर्म निरपेक्षताको कुरा गरे पनि सारतः ०४७ सालको संसदीय संविधानभन्दा ०७२ सालको संसदीय संविधानमा फरक छैन । क्रान्तिकारी शक्ति कमजोर भएको र क्रान्तिकारी आन्दोलनमा गतिरोध पैदा भएको अवस्थाले गर्दा सबै खालका मुक्ति आन्दोलन पनि कमजोर भएको अवस्था छ । आज नेपालमा आदिवासी जनजाति आन्दोलन पनि कमजोर रहेको अवस्था छ । एनजीओ, आइएनजीओद्वारा संचालित केही संस्थाहरूका छिटपुट गतिविधी भएको दखिन्छ । विदेशी शक्ति र पैसाको आडमा चलेका संस्थाहरूको पनि केही गतिविधी देखिन्छ । सारमा यी दुवै संस्थाहरूमा अधिकांशतः आदिवासी जनजातिका अधिकारको विरोधी प्रतिक्रियावादी पार्टीका कार्यकर्ता र नेताहरू नै रहेको देखिन्छ । केही प्रतिक्रियावादी पार्टीका भातृसंगठनका रूपमा



रहेका संस्थाहरू अहिले सुतेर बसेको अवस्था छ । यी संस्था र व्यक्तिहरूको काम भनेको आदिवासी जनजातिको अधिकारको नाममा भ्रम छर्ने र आन्दोलन तुहाउने रहेको देखिन्छ । अर्कोतिर अधिकार विहिन आदिवासी जनजातिहरूमा भित्रभित्रै भुसको आगो जस्तै सल्किरहेको अवस्था छ । परिस्थितिमा आएको परिवर्तनले अब फेरि आदिवासी जनजाति आन्दोलनको लागि अवस्था अनुकूल बन्दै गएको छ यद्यपि जनतामा नेताहरू प्रति तीव्र अविश्वास रहेको स्थिति छ । क्रान्तिकारीहरूले धैर्यतापूर्वक मेहनत गर्नै पर्छ ।

***नेवाः जातीय आन्दोलनको स्थिति***

नेवाः जातिको आन्दोलन पनि समग्रमा आदिवासी जनजातिको आन्दोलनको सेरोफेरोमै छ । क्रान्तिकारीहरू शक्तिशाली नभएको र क्रान्तिकारी आन्दोलन शसक्त नभएको वर्तमान अवस्थामा नेवाः जातिका आन्दोलन सुस्ताएको अवस्थामा छ । नेवाः जातिको आन्दोलनमा एनजीओ र आइएनजीओको चलखेल तुलनात्मक रूपमा अरु आदिवासी जनजातिहरूमा भन्दा कम भएतापनि प्रतिक्रियावादी पार्टीका भातृ संगठनहरूका भ्रमात्मक गतिविधीका कारणले नेवाः आन्दोलन कमजोर रहेको अवस्था छ । नेवाः जातिका धैरै संघसंस्थाहरू गैर राजनैतिक चरित्रको हुनुका साथै अधिकांस निष्क्रिय हुनाले पनि आन्दोलन कमजोर रहेको अवस्था छ ।

हाम्रो आन्दोलनमा र आदिवासी जनजाति आन्दोलनमा पनि दुई अतिको समस्या रहेको छ । वामपंथी आन्दोलनभित्रैबाट आएकाहरूमा पनि एउटा तब्काले नेवाः आन्दोलनको कुरा गर्दा वर्गीय आन्दोलन केही पनि होइन, जातीय आन्दोलन नै सबथोक हो भनेर एउटा अतिमा जान खोज्ने र समग्र आन्दोलनबाट कट्ने अवस्थाको वेवास्ता गर्दछन् । यो तब्काले वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको ठिक ढंगले मुल्याङ्कन गर्दैनन् र नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक देशमा साम्राज्यवाद र विस्तारवाद मुख्यतः भारतीय विस्तारवादका विरुद्ध गर्नु पर्ने संघर्पलाई छोड्छन् वा नदेखेको जस्तो गर्दछन् । वामपंथी आन्दोलनभन्दा बाहिरकाले यस्तो कुरा सुन्न पनि चाहँदैन र यसको उल्टो विस्तारवादकै सहयोगमा नेपालमा जातीय आन्दोलनलाई निष्कर्षमा पुऱ्याउने सपना देख्दछन् र कोशिश पनि गर्दछन् । ती समुहहरू भारतीय दलालमा रूपान्तरण हुन्छन् । अर्को तब्का जातीय आन्दोलनको कुरा गर्दा साम्प्रदायिक भएको र वर्गीय मुद्दा छोडेको आरोप लगाएर अर्को अतितिर जान्छन् । यो तब्का उत्पीडित जातीय समुदायबाट पुरै एक्लिन्छन् । अर्को एउटा तब्का छ, जसले हिजो वामपंथी आन्दोलनबाट धैरै आशा गरेका थिए र संगै आन्दोलनलाई ठुलो सहयोग पनि गरेका थिए । उनीहरूले जातीय उत्पीडनको अन्त्य हुनुपर्छ र नेवाः राज्य बन्नु पर्दछ भन्ने कुरा दिलैदेखि चाहेका पनि छन् । तर ती आन्दोलनका मुख्य नेतृत्वबाट धोका पाएपछि उनीहरू निरास मात्र भएका होइनन्, सही र गलत नछुटाई कम्युनिष्ट शब्दप्रति नै विद्रस र वैरभाव राख्छन् । नेकपा(नेकपा)लाई कम्युनिष्ट देख्ने भ्रममा छन् । क्रान्तिकारी कम्युनिष्ट लगायत सबै कम्युनिष्ट नाम गरेका पार्टी र तिनका नेताहरूप्रति नकरात्मक धारण राख्छन् । यो गलत छ ।

नेवाः आन्दोलनका आधारहरू

नेवाः जातिमाथि खस ब्रम्हाणवादी शासक वर्गका कारण थिचोमिचो र उत्पीडनमा पर्दै आएका छन् । यसले गर्दा उत्पन्न भएका नेवाः जातिका समस्याहरू हल गर्नु पर्दछ । नेवाः जातिभित्र रहेका सकरात्मक गुणहरू र समस्या आफै नेवाः आन्दोलनका आधारहरू हुन् । यसमा पनि समस्या नै मुख्य आधार हुने कुरा स्वतः स्पष्ट छ । नेवाः जातिका समस्याहरू यस प्रकारका छन् :

१) नेवाः जातिको गैरराजनैतिक चरित्रका कारण उब्जेको समस्या
२) ण्नेवाः जाति आफ्नो आदिभूमिमा अल्पमतमा पर्न गएका कारणले पैदा भएको समस्या
३) भाषिक समस्या
४) साँस्कृतिक समस्या
५) गैर न्यायिक विकास निर्माणका कारणले उत्पन्न समस्या
६) आर्थिक समस्या
७) नेवाः राष्ट्रिय पूँजीपतिहरूको विस्थापनको असर
८) नेवाः जातिको संस्कारजन्य समस्या
९) नेवाःहरूका बीचमा एकताको समस्या

यी समस्याहरू हल गर्ने लक्ष्यसहित आन्दोलनका आधार बनाएर संघर्षको उठान गर्नु पर्दछ ।

***नेवाः आन्दोलनको सही कार्यदिशा***

नेवाः जातिको समस्या पूर्ण समाधान नेवाः भूमिमा नेवाः स्वायत्त राज्यको स्थापना, उत्पीडनको पहिचानका आधारमा संघीयता, स्वशासन(अग्राधिकार), पूर्णसमानुपातिक प्रतिनिधित्व, समावेशिता र उत्पीडित जातिहरूका लागि आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति हो । नेवाः भूमिभूमिभन्दा बाहिरका नेवाः जातिलाई स्थानीय स्वायत्तता र स्वशासनको व्यवस्था हुनु पर्दछ ।

नेवाः मुक्ति र नेवाः राज्यका लागि आन्दोलन भनेको सामान्य रूपको जातीय आन्दोलन मात्र होइन, बरु राजनैतिक आन्दोलन हो । नेवाः राज्य भनेको एक प्रकारको सत्ता पनि हो । क्रान्ति सम्पन्न नभई सत्ता प्राप्त गर्ने कुरा सपना मात्र हो । नेवाः जातिलाई सर्वहारा वर्गको जुझारु शक्ति, त्याग, तपस्या र बलिदानसहितको सहयोग नभई नेवाः राज्य प्राप्त गर्न असम्भव छ । त्यसैले यसका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य छ ।

***नेवाः आन्दोलनका लागि कार्यगत एकता तथा संयुक्त मोर्चा***

नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल एक मात्र नेवाः आन्दोलनको सही कार्यदिशा भएको नेवाः जातिको संगठन हो । यो नेवाः मोर्चाको महत्वपूर्ण क्रान्तिकारी विचार हो । यही विचार राख्ने अरु संगठनसँग एकता गर्न पनि सकिन्छ । तर नेपालमा हाल त्यस्तो अरु संगठन छैन । तर अरु संगठनमा सही विचार राख्ने नेता तथा कार्यकर्ता छन् । त्यसैले यतिखेर एकता होइन, ध्रुवीकरण प्रमुख बनेको छ ।

नेवाः जातिको मुक्तिकालागि इमान्दारितापूर्वक लागेका तर सही विचार तथा कार्यदिशा नभएकासंग सहकार्य र संयुक्त मोर्चा बनाएर आन्दोलनमा जान सकिन्छ ।

इश्युका आधारमा अरुसंग कार्यगत एकता गन सकिन्छ ।

***नेवाः आन्दोलनका मुद्दाहरू***

**नेवाः आन्दोलनका तात्कालिक मुद्दाहरू**

(१) गैर न्यायिक सडक विस्तार, आउटर रिङ्गरोड (हाल स्थगन भएको), स्याटालाइट सिटीको विरोध ।
(२) बसाईंसराइसहितको आप्रवासनको निषेध, उपकात्य बाहिरबाट आगमन हुने गैर नेवाःहरूलाई उपत्यकामा जमिन किन्न निषेध र जग्गा दलालहरूलाई जग्गा प्लटिङ्ग गर्ने कामको निषेध ।
(३) देशको राजधानी उपत्यका बाहिर लाने ।
(४) मातृभाषामा शिक्षाको व्यवस्था र कामकाजको भाषा नेपाल भाषा बनाउन स्थानीय तह, प्रदेश र केन्द्रीय निकायलाई दबाब ।
(५) नेवाः भूमिमा स्वास्थ्य, शिक्षा, रोजगार नेवाःसहित स्वबासीहरूलाई प्राथमिकता र वेरोजगार नेवाः युवाहरूलाई बेरोजगारी भत्ता दिलाउने ।
(६) नेवाः कला सँस्कृतिको जगेर्ना र प्रगतिशील संस्कृति तथा संस्कारको विकास ।

**नेवाः आन्दोलनका दिर्घकालीन मुद्दाहरू**

(१) त्पीडित सबै नेवाःहरूलाई नेवाः जातिको मुक्तिका लागि एकताबद्ध गर्ने ।
(२) कालो संविधान-०७२ को खारेज गरी संघीय जनगणतान्त्रिक संविधान बनाउने ।
(३) नेवाः आदिभूमिमा नेवाः स्वायत्त राज्य स्थापना गर्ने र स्वशासन(अग्राधिकार) को व्यवस्था गर्ने ।
(४) आत्मनिर्णयको अधिकारलाई सिद्धान्ततः स्वीकार गरी उत्पीडनको पहिचान (जाति, भाषा र क्षेत्र) का अधारमा संघीय नेपाल निर्माण गर्ने, पूर्ण समानुपातिकता र समावेशीको ग्यारेण्टी गर्ने । महिला, दलित र मुस्लिमहरूलाई विशेषाधिकार व्यवस्था गर्ने ।
(५) सर्वहारा वर्गको अग्रदस्ताको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनताको संघीय गणतन्त्र नेपालको स्थापना गर्न सक्रिय सहयोग गर्ने ।

यी मुद्दाहरूलाई संघर्षको मुद्दा बनाएर संघर्षको उठान गर्नु पर्दछ ।

**आगामी कार्यक्रम**

१) वैचारिक राजनैतिक काम : प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।
२) साँगठानिक काम : भेला/सम्मेलन :
   क) राष्ट्रिय भेला वैशाखको अन्तसम्म गर्ने
   ख) प्रदेश भेला फागुण १५ सम्म गर्ने
   ग) जिल्ला सम्मेलन/भेला माघसम्म गर्ने
   घ) जिल्ला भेला गर्न सम्भव नभएका ठाउँमा जिल्ला गठन गर्ने
   ङ) स्थानीय तह र वडा भेला सम्पन्न गर्ने
   च) स्थानीय तह र वडा भेला सम्भव नभएका ठाउँमा उक्त तहका संगठन गठन गर्ने
   छ) साधारण सदस्य व्यापक रूपमा बनाउने
३) संघर्ष : संघर्षलाई विकास गर्दै आम हडतालसम्म जान प्रयत्न गर्ने
- स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रमा ज्ञापन पत्र बुझाउने
- गोष्ठी र अन्तरक्रिया गर्ने
- जुलस र सभा गर्ने
- व्यापक रूपमा जनपरिचालन गर्ने
- आमहडतालको वातावरण बनाई यसमा सहभागी बन्ने

४) **आर्थिक** :
- लेवी, कोटा नियमित गर्ने
- भेला/सम्मेलनका लागि सहयोग उठाउने

५) **प्रचार-प्रसार** :
- नेपाल भाषाको साप्ताहिक पत्रिकालाई व्यवस्थित गर्ने
- अरु संचार क्षेत्रलाई प्रयोग गर्ने
- भेला/सम्मेलनका लागि पर्चा, पोष्टर र व्यानरसहित प्रचार प्रसार गर्ने
- इलेक्ट्रोनिक मेडियालाई पनि प्रयोगमा ल्याउने

नेवाः मोर्चाको केन्द्रको अर्को बैठक चैत्रको अन्तिम हप्तामा बसी राष्ट्रिय भेलाको कार्यक्रम बनाई राष्ट्रिय भेलालाई भव्यतापूर्वक सफल पार्नु पर्दछ र यसले मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलनको तयारी गर्नु पर्दछ ।

*(नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको केन्द्रीय समितिको बैठकमा अध्यक्ष पवनमान श्रेष्ठद्वारा प्रस्तुत एवम् पारित) ११ थिंला ११३९,एकादसि (३ पुष ०७५)*

# सामाजिक सद्भाव खलबल्याउँदै ओली सरकार




काठमाडौं । विदेशी कठपुतलीको रूपमा सरकार सम्हालिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले देशको सामाजिक सद्भाव खलल पार्ने काम गरिरहेका छन् । राज्यसत्ता सञ्चालन गर्नुभन्दा पनि एनजीओ रआईएनजीको सहआयोजकका रूपमा सरकारलाई मुछिरहेका छन् । सरकारलाई सामाजिक संघसंस्था भन्दा पनि तल्लो दर्जा दिलाएका छन् । आफू पनि सिंह दरवार छाडेर होटल सोल्टीबाट प्रधानमन्त्री कार्यालय चलाउन व्यस्त छन् । कतिपयले त यो विदेशीहरूको सिंहदरवार 'कु'को ट्रायल भनेर विश्लेषण पनि गरिरहेका छन् ।

राज्यको कामकाज सञ्चालन भन्दा पनि 'होली वाइन' शेचनमा दंग पर्ने ओली देशमा विदेशीको अनावश्यक चलखेल बढाएर देशलाई अराजकताको दिशामा धकेलिरहेका छन् । कालापानी लगायत देशको सिमाना र माटो भारततिर पारिदने वाचासहित मोदीको कठपुतलीका रूपमा सत्तामा बिराजमान भएका ओलीले राष्ट्रियताका कुरा गर्नु लेण्डुप दोर्जेले सिक्किम विलय गर्दा गरेको नाटक जस्तो मात्र हो । यथार्थमा ओली देशलाई सत्यानाश पार्नीतिर लागेका छन् ।

यदि देशमा सामाजिक सद्भाव र राष्ट्रियताका कुरा गर्ने हो भने ओली सरकारलाई एक मिनेट पनि सत्तामा बस्न दिनु कुनै कारणले पनि उचित छैन । 'जो चोर उसको ठूलो स्वर' भने भैं सरकारी सञ्चार माध्यमहरूमा ओली 'डुक्राउनु' र केही क्षणपछि 'बाँ' गर्नुको कुनै तुक छैन ।

देशमा तुइनमात्र भए पनि विस्थापित गरेर भोलुंगे पुल निर्माण गर्न नसक्ने ओली र उनको सरकारले विकास र समृद्धिका कुरा गर्नु ओलीले ओलीलाई गरेको व्यंग्य मात्र हो । यसमा जनता हाँस्छन् मात्र केही पनि विश्वास र दम छैन । उनले जनतालाई अघि बढाउने कुरा गर्नु बर्बराउनु मात्र हो । संघीयता बुझ्न नसक्नु, बयल गाडा चढेर अमेरिका पुगे भैं मान्नु, कर्मचारीमाथि अत्याचार लाद्नु, प्रदेश र स्थानीय सरकारलाई अधिकार नदिनु, आफैले काठमाडौंमा बसेर स्वीच थिचेर अरुण तेस्रो भारतलाई दिनु आदि ओलीका समृद्धिका कामहरू बन्न गएका छन् ।

देश पुरै माफियाको चंगुलमा फसेको छ । सरकार आफै अरु देशहरूसँग संभौता गरेर मानव तस्करीका लागेको छ । हरेकसँग खुल्लमखुल्ला बार्गेनिङ गरेर कमिसन मागेको छ । बिचौलियाहरूको संरक्षण गरेको छ । भ्रष्ट आचरण भएकाहरूलाई मन्त्रीमण्डलमा समावेश गरेको छ । प्रहरी अनुसन्धान यमराजको यातनालय बनेको छ । निर्मलाहरूलाई बलात्कार गरी हत्या गर्नेहरूलाई ओली सरकारको प्रत्यक्ष संरक्षण छ । सुन तस्करी निकै मौलाएको छ । मन्त्रीहरूका गाडीमा रक्त चन्दन चीन पुग्ने गरेको छ र फर्कदा सुन बोकेर फर्कने गरेको छ । सरकारले एयरपोर्टमा सुन तस्करी गर्नकै लागि भनेर प्रहरीहरूको सेटिङ मिलाएको छ ।

पहिचानसहितको संघीयता दिन नचाहने केन्द्रीकृत सामन्ती व्यवस्थाको हिमायती ओलीको तमु ल्होसारमा दिइएको भाषण ओली आफैका लागि व्यंग्य मात्र हो ।

# घर बिदामा जोशी, च्याम्बरसमेत दिइएन



काठमाडौं । नवनियुक्त प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले संसदीय सुनुवाइमा गरेको वाचाअनुसार न्यायाधीश दीपकराज जोशीमाथि एकपछि अर्को गरी कारबाही गर्दै गरेर बस्ने च्याम्बरसमेत खोसेका छन् । न्यायपरिषद्को बैठकमा आउन नै नदिई हटाएर कार्वाहीको सिलसिला सुरु गरेका थिए । सपथ लिएको दुईतीनदिनभित्रै उनले दीपकराज जोशीलाई मेलमिलाप समितिको अध्यक्षबाट हटाएर च्याम्बर समेत खोसी एनेक्स भवन तल्लो तलामा बस्ने मिलाएका थिए ।

प्रधानन्यायाधीश राणाको अध्यक्षतामा बिहीबार नै न्यायपरिषद बैठक बसेर न्यायाधीशउपर आउने गुनासा र टीकाटिप्पणी सन्दर्भमा तत्काल सम्बोधन गर्ने संयन्त्र समेत बनाएका छन् । प्रधानन्यायाधीश न्यायिक अनुगमन तथा निगरानी संयन्त्र निर्माण गरेर न्यायाधीशहरूमाथि अनुगमन तथा निगरानी गर्ने सोचमा देखिएका छन् ।

बैठकले संवैधानिक इजलासको पुनर्गठन समेत समेत् गरेको छ । पुनर्गठित इजलासमा प्रधानन्यायाधीश राणासँगै न्यायाधीशहरू वरिष्ठ न्यायाधीशमा दीपककुमार कार्की त्यसपछि केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीलाई राखिएको छ ।

दीपकराज जोशीलाई कुनै पनि हैसियत नदिइएपछि उनी घर बिदामा बसेका छन् ।

# रौतहटमा वडासम्म पार्टी र मोर्चाको संगठन विस्तार

चपुर । नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल रौतहटले वडा स्तरसम्म संगठन विस्तार गरेको छ । प्राप्त जानकारी अनुसार पौष १५ गते भएको एक भेलाले जिल्लाको गजुरा नपा २ मैरामा पार्टी र देजमोका संगठन निर्माण गरेको छ । भेलाले अध्यक्ष राजेन्द्र ठाकुर, सचिव गोथाइ माझी, कोषाध्यक्ष मेघु माझी र सदस्यहरूमा महादेव चौधरी, गोपी माझी, भरत माझी, पदमबहादुर तिरुवा रहेको देजमोको वडा कमिटि गठन गरेको छ भने पार्टी सेक्रेरी अशोक कुमार दर्शनधारी र सदस्यहरू गोविन्द माझी, एमकुमार विक, प्रदेशी कुशबार, अशोक कुसबार, विहारी माझी, जितेन्द्र यादव रहेको पार्टी कमिटि निर्माण गरेको छ ।

त्यसैगरी १६ पौषमा भएको भेलाले चपुर वडा नं ३, गैडाटारमा अध्यक्षमा शेरबहादुर अस्तानी मगर, सचिव गंगाबहादुर आले, कोषाध्यक्ष धनबहादुर ठोकर र सदस्यहरूमा ध्रुवबहादुर, विवासी मोक्तान, दुर्गाबहादुर गान्द्रीस, रामबहादुर स्याङतान, आशालाल गुडो रहेको देजमोको वडा कमिटि गठन गरेको छ । भेलाले अनेमसंघ (क्रान्तिकारी)को तीन सदस्यीय वडा कमिटि समेत गठन गरेको छ । सम्झना स्तानी मगर संयोजक र पूर्णिमाया थिङ र ठूलीमाया घलान सदस्य रहेको महिला कमिटि गठन गरेको हो । दुवै भेलामा क्रान्तिकारी माओवादीका पिविएम तथा २ नं. प्रदेश सचिव रमेश, रौतहटका पार्टी सचिव प्रल्हाद साह लगायतको उपस्थिति रहेको थियो ।

# विवादमा रेशम चौधरीको सांसद सपथ



काठमाडौं । रेशमचौधरीविहीवारबाट सांसद भएका छन् । सभामुख महराले रेशम चौधरीलाई सपथ खुवाएर सांसदको लोगो तथा परिचय पत्र दिएका थिए । सांसद भवनभित्र एक घण्टा बिताएका चौधरीले सपथ खुवाएपछि जेल पठाउन नमिल्ने तर्क गरेका थिए ।

चौधरी कञ्चनपुर स्थानीय जनता र प्रहरी बीच भएको घटनामा दोषी भनी हाल जेलमा छन् । उनलाई जेलबाट प्रहरीको निगरानीमा संसद भवन ल्याई सपथ खुवाइएको थियो । उनले सपथ लिएपछि प्रतिपक्ष नेपाली कांग्रेसले देशमा कानुनी राज नभएको जिकिर गरेको छ ।

अरु केहीले भने सपथ खुवाएर एकजना सांसदलाई जेल पठाउन नहुने तर्क पनि गरिहेका छन् । यसले संसदको सोँच्चतालाई चुनौती दिएको पनि बताउने गरेका छन् । तर सत्ताधारी दल नेकपाले भने अदालतले फैसला गर्न बाँकी रहेको र अदालतको फैसला नै अन्तिम हुने बताएको छ ।

# धुलेसडक उद्घाटन गर्दा पानीजहाज देखे प्रम ओलीले

काठमाडौं । धुले सडक उद्घाटन गर्दैगर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले कोशी नदीमा पानी जहाज हिंड्ने गरेको कुरा बताएका छन् । पूर्वी नेपालका केही जिल्लाहरू जोड्ने भैंडेटार-रवि-राँके सडक शिलान्यास गर्दै गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले कोशीमा जानी जहाज चलिरहेको आफ्नो ब्रह्मले देखेको कुरालाई खुलस्त गर्दै उनले भने- ' पानीजहाज चलाउने कुरा अब यथार्थमा परिणत हुन्छ । यो कुनै मजाकको विषय होइन ।'

मेचीदेखि महाकालीसम्म जहाँ पनि बाटो, जहाँ पनि बिजुली, जहाँ पनि खाने पानी, जहाँ पनि इन्धन र इन्टरनेटको सुविधा भन्दै गर्दा कोशीमा पानी जहाज चल्ने कुरा मजाकको विषय नभएको बताएका थिए । तर उनले त्यो चाइनाको पानी जहाज हो वा भारतको पानीजहाज त्यो भने बताएनन् । बोल्दा उनले केवल पानी जहाजको मात्र उच्चारण गरे ।

कल्पनाको भाषण गर्दै गर्दा ओलीले देशभर सबैतिर सडक पुगको, बिजुली बलेको, देश उज्यालो नै उज्यालो बनेको भन्दै दिनदिनै देश नयाँ सिँढि चढिरहेको देखेको बताएका थिए । उनको सबैभन्दा ठूलो सन्तुष्टि भनेको भेडेटार-रबि-राँके सडकको मध्यविन्दु रवि भन्ने ठाउँ भापामा परेकोमा नै थियो ।

मोरङ, धनकुटा, इलाम र पाँचथरका विभिन्न गाउँपालिका तथा नगरपालिकालाई जोड्ने यो सडक कालोपत्रे भएपछि चार जिल्लाका बासिन्दाले पिच सडकको सुविधा पाउने छन् । तीन अर्ब ६५ करोड ८४ लाख ९५ हजार ५७२ को लागतमा करीब एक सय किलोमिटर बाटो पक्की सडकमा परिणत हुने छ । यो सडक निर्माणको जिम्मा एप्को इन्फ्राटेक प्रा.लि. लखनौ भारतले लिएको छ ।

# दुईतिहाइको निशानामा लोकसेवा आयोग



काठमाडौं । नेकपा पार्टीभित्रको अेली-दाहाल मनोमानी अब सरकार तथा सरकारी अंगहरूमाथि सरेको छ । 'हामी दुई विना पृथ्वी नै घुम्दैन' भन्ने सोच राखेर चलखेल गरिरहेका ओली-दाहाल अब राज्यका स्वचालित अंगहरू 'ड्यामेज' पार्ने खेलमा उत्रिएका छन् । उनीहरूको तेस्रो चरणको निशानामा संवैधानिक अंगहरूमध्येको एक लोकसेवा आयोग परेको छ । यसअघि न्यायालय र कर्मचारी स्थायी सरकारमाथि धावा बोलिसकेका छन् ।

कर्मचारी समायोजनमा देखिएको समस्या मूलतः लोक सेवा आयोग पास गरेर आएको भन्ने दम्भका कारण भएको भन्दै अब त्यस्ता कर्मचारी उत्पादन गर्ने फ्याक्ट्री नै बन्द गर्ने र 'जीहजुरी' वाला कर्मचारी उत्पादन गर्ने ध्याउन्नमा उनीहरू लागिपरेका छन् । उनीहरूको सोचमा यसो गरेमा बाँस पनि नरहने र बाँसुरी पनि नबज्ने अवस्थाको सिर्जना हुने छ । तर उनीहरूले ख्याल पुर्‍याएका छैनन् कि वर्गीय समाजमा शक्ति सन्तुलनका लागि पनि आवश्यक यी संवैधानिक अंगहरूको अभावमा राज्य कस्तो होला ? जब कि उनीहरू स्वयम् वर्गसमन्वयकारी राज्य संरचनामा राज गरिरहेका छन् ।

यसको वास्ता नै नगरी ओली-दाहालको मनोमानी अब सरकारी संवैधानिक अधिकार कटौतीका लागि कानुन संशोधन तयारीतिर सर्दै गएको छ । यसबाट लोकसेवा आयोगका पदाधिकारी तर्सिएका छन् । लोकसेवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सरकारद्वारा लोकसेवा आयोगका लागि प्रदान गरिएको प्रशासनिक र वित्तीय अधिकार कटौती गर्न अघि सारिएको छ ।

जस अन्तर्गत संवैधानिक अंगका रूपमा रहेको स्वायत्तताको अधिकार, बाधाअडकाउ फुकाउ विशेषाधिकार, निस्पक्षताको ग्यारेन्टी आदि खोसेको छ । लोक सेवाका कर्मचारीका लागि यो विधेयक यतिसम्म बढि भइसकेको छ कि उसले विधेयक सच्याउन आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार समेत् गरेको छ । उनीहरूले भन्ने गरेका छन्- सरकारले आयोगको अधिकार खोस्यो, अब संसदको मात्र आशा छ ।

नेपालको संविधान र कानुनअनुसार सबै संवैधानिक अंगहरू संसदप्रति उत्तरदायी रहेका हुन्छन् । तर सरकारले यो संवैधानिक अधिकारलाई खोसेर लोक सवा आयोगलाई एउटा सामान्य विभाग बनाउन चाहेको देखिन्छ । सरकारको नियत यो विधेयक पारित गराएपछि मात्र लोक सेवा आयोगका कर्मचारीहरूलाई सरुवा, बढुवा वा घटुवा पनि गर्न सकिने भन्ने रहेको देखिन्छ ।

# उत्तर आधुनिकतावाद : नव आदर्शवादी कला चिन्तन



डा.ताराकान्त पाण्डेय

उत्तर आधुनिक, उत्तर आधुनिकता र उत्तर आधुनिकतावाद बिसौं शताब्दीको उत्तरार्धरितबाट ज्ञान र व्यवहारका विभिन्न क्षेत्रमा प्रचलित हुँदै आएका विशिष्ट पदावली हुन् । यससँगै गाँसिएर आउने अन्य विशिष्ट पारिभाषिक पद पदावलीहरूमा उत्तर संरचनावाद, उत्तर अपनिवेशवाद, बहुलवाद, सांस्कृतिक अध्ययन, नव इतिहासवाद आदि पनि उल्लेख्य रहेका छन् । यसो भए पनि उत्तर आधुनिकतालाई एउटा बृहत् छाता र अन्य सबै यसैभित्र अटाउने चिन्तन तथा अवधारणा विशेषसँग सम्बन्धित पद पदवालीकै रूपमा रहेका छन् ।

त्यसमा पनि उत्तर आधुनिकता अवधारणा र व्यवहार वा पद्धतिको समष्टि हो भने यसलाई खास सैद्धान्तिक आधार वा पीठिका प्रदान गर्ने काम उत्तर संरचनावादले गरेको छ । निनु चापागाईं उत्तर आधुनिकतावादलाई व्यवहार र उत्तर संरचनावादलाई सिद्धान्त भन्छन् भने चैतन्यले उत्तर आधुनिकतावादको दार्शनिक पद्धतिका रूपमा विसङ्घटनवाद (अर्थात् उत्तर संरचनावाद, ले.) लाई स्वीकार गरेका छन् ।


वास्तवमा औपचारिक एवम् शास्त्रीय दृष्टिले हेर्दा पनि उत्तर आधनिकतावादकै नाउँबाट सिद्धान्तको व्याख्या पाइँदैन, यसलाई ज्ञानको दशा र व्यवहारकै रूपमा प्रस्तुत गरिएको पाइन्छ र जब यसको सिद्धान्तको प्रश्न आउँछ, त्यसको जवाफ उत्तर संरचनावादबाटै खोज्नु पर्ने वा लिनु पर्ने अवस्था रहेको देखिन्छ ।

व्यवहारतः उत्तर आधुनिकतावादलाई ठोस आकार दिने वा यसका निर्माणमा मुख्य भूमिका निर्वाह गर्ने प्रमुख चिन्तकहरू ज्याक डेरिडा, मिसेल फुको, बौद्रिलार्द, ल्योतार आदि मूल रूपमा उत्तर संरचनावादी नै भएबाट उत्तर आधुनिकतालाई सैद्धान्तिक दार्शनिक आधार भूमि प्रदान गर्ने काम उत्तर संरचनावादले नै गरेको कुरामा शङ्का रहन्न ।

उत्तर आधुनिकतावाद अब धेरै नौलो र अबोधगम्य कुरा भने रहेन । यद्यपि यसले अझै पनि कला एवं विचारधाराका क्षेत्रमा आफ्नो वर्चस्व कायम गरि रहेकै छ । तर सँगसँगै यससँग मार्क्सवादको सोझो सङ्घर्ष पनि छ । उत्तर आधुनिकतावाद के हो भन्ने सन्दर्भमा फ्रेडरिक जेमेसनले भनेको कुरा सम्झन सकिन्छ ।

वास्तवमा द्वितीय विश्व युद्धोत्तर कालमा पुँजीवादको चरित्रमा आएको परिवर्तन र स्वतन्त्रता, समानता र भ्रातृत्वको नारा लिएर विकसित भएको पुँजीवादको पूर्ववर्ती चरित्रको विस्थापनसँगै वित्तीय पुँजीवाद र उपभोक्तावादी समाजको विकास पश्चिममा जसरी भयो अनि त्यसको सांस्कृतिक अभिव्यक्ति जुन रूप र पद्धतिमा भयो, त्यसलाई उत्तर आधुनिकतावाद भनेर जेमेसनले बुझाउन खोजेका हुन् । उनले यसलाई वृद्ध पुँजीवादको सांस्कृतिक तर्क (cultural logic of late capitalism) भनेर यही आशय व्यक्त गर्न खोजेका हुन् । त्यसैले यो उत्तर आधुनिकतावादको चेतना आजको पुँजीवाद अर्थात् नयाँ खाले आजको साम्राज्यवादको सांस्कृतिक चेतना नै हो ।

राजनीतिक रूपले उत्तर आधुनिकतावाद मार्क्सवादका विरुद्ध छ र दार्शनिक रूपले यो भौतिकवादका विरुद्ध नव आदर्शवादी धरातलमा उभिएको छ (चैतन्य) । मूल्यपद्धतिका दृष्टिले यो आधुनिक युग खास गरी प्रबोधन काल (age of enlightenment) मा विकसित रहस्यवाद विरोधी वैज्ञानिक तथा मानवकेन्द्री चेतना, मूल्य र आदर्शका विरुद्ध छ अनि रचनाधर्मिताका दृष्टिले यो सार्थक र सङ्गत लेखनका विरुद्ध भाषा खेलको उपक्रममा संलग्न छ । यसका विशेषतालाई निम्न कोणबाट अझ स्पष्ट पार्न सकिन्छ ।



**ल्योतार /ल्योतार्ड**

यसलाई दार्शनिक दृष्टिले औपचारिकता प्रदान गर्ने काम फ्रान्सेली चिन्तक ज्याँ फ्राँ स्वा ल्योतारको दि पोस्ट मोडर्न कन्डिसन : ए रिपोर्ट अन नलेज भन्ने कृतिले गर्‍यो । फ्रान्सेली भाषामा सन् १९७९ मा र अङ्ग्रेजीमा १९८४ मा प्रकाशित यो कृति क्यानाडा (क्युबेक) सरकारका अनुरोधमा पश्चिमी ज्ञान स्थितिबारे चर्चा गर्नका लागि तयार पारिएको हो । यस कृतिले उत्तर आधुनिकतालाई औपचारिक बनाउने काम त गर्‍यो नै ल्योतारलाई उत्तर आधुनिकताका प्रणेता र व्याख्याताका रूपमा पनि स्थापित गर्‍यो ।

**उत्तर आधुनिकतावादको चेतना आजको पुँजीवाद अर्थात् नयाँखाले आजको साम्राज्यवादको सांस्कृतिक चेतना नै हो ।**

ल्योतारले यस कृति (प्रतिवेदन)मा उत्तर औद्योगिक समाजको चरित्र र त्यसको ज्ञानदशाबारे चर्चा गर्ने क्रममा भाषाको परम्परागत रूप र सामर्थ्यको अन्त्य र खेलमय नयाँ भाषिक साम्राज्य, साइबर संस्कृति र ज्ञानको कम्प्युटर निर्भरता तथा ज्ञान लगायत मार्क्सवाद जस्ता महावृतान्तको समीचीनताको अन्त्यको सन्दर्भलाई प्रमुख रूप प्रस्तुत गर्दै त्यस स्थितिलाई उत्तर आधुनिक स्थितिका रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनी के भन्छन् भने अब ज्ञान शास्त्रहरूमा वा ज्ञान हासिल गरेका कुनै व्यक्तिमा नभएर कम्प्युटरमा आधारित हुन्छ । सूचना नै ज्ञानको परिचायक हुन्छ र जमिनका निम्ति हिजोका दिनमा गरिने युद्ध अब सूचना प्राप्तिका लागि र सूचनामाथि अधिकार जमाउनका लागि गरिन्छ । सूचनाको उत्पादन तथा बिक्री हुन्छ र त्यसमा राज्यको भूमिका कमजोर हुनुका साथै ठुला बहुराष्ट्रिय निगमहरूले आधिपत्य कायम गर्ने छन् ।

विज्ञानका सन्दर्भमा उनले के भने आफूभित्रको निरन्तर विकासले गर्दा विज्ञान पनि सत्य र वस्तुनिष्ठ छैन र यसमाथि अविश्वास जन्मिएको छ । विज्ञानमा सत्य उद्घाटित गर्ने सामर्थ्य अब छैन (किनभने त्यो स्वयम् अन्तर्विकसित छ) । यसै गरी फ्रान्सेली क्रान्तिले जन्माएको मानव स्वतन्त्रताको महाख्यानदेखि अठारौं शताब्दीको ज्ञान प्रसारण कालका दार्शनिक चिन्तन हुँदै मार्क्सवादले विकसित गरेका सर्वहारा मुक्ति र समाजवादको क्रान्तिकारी महाख्यान(महावृतान्त) को पनि समीचीनता समाप्त भइसेकेको र तीप्रति अविश्वास व्याप्त भएको भन्ने धारणा उनले अगाडि सारे । त्यसैले न अब (उत्तर औद्योगिक युगमा) विज्ञानकै नायकत्व (वा सर्वोपरिता) कायम रहेको छ न स्वतन्त्रता र क्रान्तिकारी दर्शनकै वृतान्तहरू अब विश्वसनीय रहेका छन् ।

**डेनियल बेल**


उत्तर आधुनिकतावादलाई सैद्धान्तिक आधार दिने डेनियल बेलले सन् १९६० मा विचारधाराको अन्त्यको घोषणा गरे र १९७३ मा उत्तर औद्योगिक समाजको परिकल्पना गर्दै प्रविधिका सामु मानिस तथा उसको चेतना अनावश्यक भएको बताए ।

**फुकोयामा**

सन् १९९० मा सोभियत संघको विघटनलाई आधार बनाएर फुकोयामाले १९९२ मा इतिहासको अन्त्य र उदार पुँजीवाद चिरञ्जीवी भएको अवधारणा प्रस्तुत गरे ।

**डेरिडा र रोलाँ बार्थको भाषिक अर्थको सन्दर्भ**

अर्थको एकत्वको विरोध र अमूर्तन तथा विरोधहरूको अनन्त श्रृङ्खलाबाट विरोधकै अन्त्य



डेरिडाली उत्तर संरचनावादको सबभन्दा महत्वपूर्ण विशेषता भनेकै भाषा वा पाठको अर्थमा निश्चिचता र एकत्वको विरोध हो । यसले पाठको अर्थ निश्चित हुँदैन, त्यसमा संशय (Aporia) र अनिश्चितता मात्र हुन्छ भन्ने धारणा राख्दछ । डेरिडाले भिन्नता (Diffrance) र अनुपस्थिति (Absence) को सिद्धान्तका आधारमा अर्थको अनिश्चितता वा संशय सम्बन्धी अवधारणा प्रस्तुत गरेका छन् । भाषाका शब्दहरू / सङ्केतकहरू बिच भिन्नता छ र यो भिन्नता केवल द्विचर विरोधमा होइन, अनन्ततामा छ । विरोधमा वा व्यतिरेकमा आउने शब्दहरू/सङ्केतकहरू बिच अनन्त भिन्ता र विरोध मात्र छ र शब्दहरूले टेक्ने वा अडिने ठाउँ नै छैन भन्ने मान्यता डेरिडाको छ ।

यद्यपि ती सबै शब्द वा सङ्केतकहरू उपस्थित हुँदैनन्, अनुपस्थित रहन्छन् र ती तिनका अर्थहरू स्थगित हुँदै र छरिँदै जान्छन् । भिन्नताका युग्मकमा वाचक/सङ्केतकहरूमा सङ्केतितको उपस्थिति र अनुपस्थितिको खेल श्रृङ्खलाबद्ध रूपमा जारी रहन्छ । एउटा वाचकले अर्को वाचक, अर्को वाचकले अर्को वाचकमा क्रमशः अर्थ/सङ्केतितलाई सार्दै जान्छन् र अर्थ पर पर सर्दै जान्छ । त्यसैले अर्थको निश्चयात्मक रूप पाउन कठिन हुन्छ र त्यस कारण अर्थोत्पत्तिको खेल जारी रहन्छ - डेरिडा यस्तो व्याख्या गर्छन् र भाषामा हुने यही भिन्नता/विभेद, स्थगन/अनुपस्थिति र छरिने गुणले गर्दा अर्थ निश्चित हुँदैन भन्ने निष्कर्ष दिन्छन् ।

उत्तर संरचनावादको यस व्याख्याका आधारमा कतिपयले के पनि भनेका छन् भने सस्युरको द्विचर विरोधको युग्मकमा देखिने शब्दका बिचको भेदलाई डेरिडाको सिद्धान्तले विस्तार दिएको छ अर्थात् भिन्नता वा विरोधलाई बढाएको छ (Currie ४९, ५०) तर मार्क्सवादी सौन्दर्य चिन्तक चैतन्यका विचारमा डेरिडाले भिन्नतालाई विस्तार दिएका होइनन् अपितु भिन्नता र विरोधकै अन्त्य गरेका छन् ।

उनका सिद्धान्तमा अब शोषक र शोषित, उत्पीडक र उत्पीडितका बिचको तीव्र र प्रखर अन्तर्विरोधको अर्थ छैन । उत्पीडन छ भन्ने अर्थ नै स्थापित वा निरूपित हुन सक्तैन । वास्तवमा यसलाई सिङ्गो उत्तर आधुनिकतावादी चिन्तनका सन्दर्भमा हेर्ने हो भने यो अन्त्यकै अवधारणा हो- निश्चित अर्थको अन्त्य, वर्गको अन्त्य, वर्ग सङ्घर्षको अन्त्य अनि क्रान्ति हुन्छ भन्ने विश्वासको अन्त्य । यसबारे भारतीय मार्क्सवादी सौन्दर्य चिन्तक मैनेजर पाण्डेय भन्छन् :

वास्तवमा उत्तर आधुनिकतावादी अद्वैतवादमा हरेक किसिमका विरोधहरूको अस्त हुन्छ । उसका अनुसार शोषक र शोषित, दमनकारी र दमित, केन्द्र र परिधि( सीमान्त) तथा आवाजहीन र वाचालका बीच न कुनै द्वैत छ न कुनै विरोध न कुनै सङ्घर्ष । उनीहरू यो देख्दैनन् कि यी सबै द्वैत र विरोधहरूको जनक पुँजीवाद हो । उनीहरू मुक्तिको महाख्यानको अन्त्यको कुरा त गर्छन् तर तीन चार सय वर्षदेखि क्रियाशील गुलामीको विराट् बृत्तान्तका बारेमा केही भन्दैनन् (१७) ।

डेरिडा शब्दहरूको सम्बन्धका बिच कुनै कुरा अनश्वर छ भने मात्र विभेद छ र सङ्केतक तथा सङ्केतितका बिच कुनै एकत्व छैन, अर्थ सदैव विभेद र स्थगनमा आश्रित छ त भन्छन् तर विभेदको उनको अवधारणालाई उनकै स्थगन र अनुपस्थितिको अन्त्यहीन शृङ्खला सम्बन्धी अवधारणाले यति पातलो र अमूर्त बनाइ दिएको छ कि तात्विक रूपले नै विरोधको अर्थ र सन्दर्भ अर्थहीन बन्न पुगेको छ । वास्तवमा शब्द वा भाषाप्रतिको यति ठूलो मजाक अहिलेसम्म भएकै थिएन भन्दा पनि हुन्छ । यसले भाषाको सामाजिक शक्ति र त्यसका अर्थको सौन्दर्यलाई पूरै विद्रूप बनाइ दिएको छ ।

# म ब्रिटिश साम्राज्यको भ्रमबाट यसरी मुक्त भए



यासेली योङहाङ

**मेरो बाबामात्र अपवादमा परेको होला यो संसारमा भन्ने लाग्ने । पछि मात्र थाह भयो भिक्टोरिया क्रस पाउनेहरूले नै यो सेवासुविधा पाएका रहेनछन् । युद्धबाट खाली हात फर्काइएको रहेछ । पेन्सनको त कुरा नै नगरौं ।**

मेरो बाबा भनेको अंग्रेजको पक्षमा लडाइँ लड्दालड्दा युद्ध सकिएपछि अलिकति कपडा र बाटो खर्च दिएर फौजबाट बिदाइ गरिको योद्धा हो । उहाँले आउँदा लिएको लडाइँमा पाएका नौवटा मेडलहरू अहिले मसँग छन् । मैले बेलाबेलामा यी मेडलहरू हेर्दछु । मेडल किन्न थुप्रै मानिसहरू आए । तिनीहरूले सक्कली हो कि नक्कली भनेर तेजाब लगाएर पनि हेर्ने गरे । बेच्नका लागि करबल पनि गरे । तर मैले बेचेको छैन । बाबाले लिएको र बचेको बाटोखर्च बाट एउटा सानो खेत किनेका थियौं ।

ठूलो पहिरो लाग्यो । त्यो पहिरोले मेरो खेत पनि बगायो । खेत बगाउँदा मेरो बाबाले पाएको वान ग्रेण्डको चिनो पनि गयो । त्यसपछि बाबाले पहिलो पटक १६०० रूपैयाँ पाउनु भएको थियो । त्यो थाप्नका लागि फिदिम आउनु भयो । मेरो बाबाले टाढा यात्रा गरेको भनेको यही नै हो । त्यसपछि मैले बाबाको तक्माहरू हेर्थे, यता गेसोको आन्दोलन चलिरहेको थियो । बाबा त जिउँदो हुनुहुँदैनथ्यो । म गाउँ पुग्दथे । मैले सुनेको थिए- बेलायत कहिल्यै पनि सूर्य नअस्ताउने देश । सबैभन्दा शिक्षित र सबैभन्दा बढी मानवअधिकारको मान्यता दिने देश भनेर भनिन्थ्यो ।

मलाई लाग्थ्यो, यस्तो ठूलो देशले के यति धेरै मानिसहरूलाई यति कन्तबिजोगमा पारेको छ र ? यसमा विश्वास नै नलाग्ने पनि । मेरो बाबामात्र अपवादमा परेको होला यो संसारमा भन्ने लाग्ने । पछि मात्र थाह भयो भिक्टोरिया क्रस पाउनेहरूले नै यो सेवासुविधा पाएका रहेनछन् । युद्धबाट खाली हात फर्काइएको रहेछ । पेन्सनको त कुरा नै नगरौं ।

त्यसपछि ब्रिटिश साम्राज्यप्रति वा बेलायती सरकारप्रति जुन अगाध श्रद्धा र सम्मान थियो, त्यो श्रद्धा क्रमशः गिर्दै गयो । त्यसपछि मेरो दृष्टिकोण आलोचनात्मक बन्दै गयो । हामी क्रमशः ब्रिटिश विरोधी क्रियाकलापमा भाग लिन थाल्यौं । कलाकारहरू कलाका माध्यमबाट विरोधमा उत्रियौं । पत्रकारहरू पत्रकारितामार्फत् विरोधमा लाग्यौं । जनमानसका बीचमा बोलेर विरोध गर्ने हो । मलाई पनि साहित्यमा केही रुची भएकाले नाटक लेख्न थाले ।

त्यो नाटक राष्ट्रिय सभागृहमा चलेको थियो । गेसो महिला दिदी बहिनीहरूको आयोजना, क्रियाशीलता र सहभागितामा । त्यसदिन लाहुरेहरूको इमान्दारिता देखे मैले । त्यति बेला त त्यो हल भरियो, टिकट खोज्न मानिस बाहिर आएको आयै थिए । टिकट बिक्रिका लागि ठाउँ नै थिएन । हामीले सिट सबै फुल भइसक्यो, टिकेट छैन अब भनेपछि सिंढिमाथि चढेका लाहुरेलाहुरेनीहरू सर्लक्कक ओर्लिएर सरासर आफ्नो बाटो लागे ।

यदि लाहुरेहरू नभएका भए ठीकै छ नि एक छेउँमा बसौं भनेर घुस्थे होला । बस्थे होला र अरुलाई पनि असजिलो हुन्थ्यो होला । तर इमान्दार लाहुरेलाहुरेनीहरू छैन भनेपछि बिना प्रतिक्रिया फर्किए । त्यसपछि पनि विभिन्न कार्यक्रमहरूमा हरेक पटक सहभागी हुँदै आयौं पनि । केही झर्ला र खाउँला भन्ने आशा त छैन । तथापि, अन्यायका विरुद्धको अभियान हो, म लागि परिरहेको छु । मेरो बाबाले ब्रिटिश साम्राज्यका लागि, बेलायती शासनको रक्षाका लागि जिन्दगीभर आफ्नो उमेर, उर्जाशील समय र सोच खर्च गर्नुभयो । तर पाएको भनेको केही पनि होइन ।

अहिलेका युवाहरूको ठूलो सपना लाहुरे बन्ने रहेको छ । तर अहिले पनि ब्रिटिश र नेपाली सिपाहीहरूको समान तलब स्केल बेलायतले कायम गरिरहेको छैन । तलबस्केल निकै तलमाथि र आकाश-पातालको फरक छ । हामीले सुनेको यही नै हो । हामीले हाम्रा कुराहरू त्यो अन्यायका विरुद्ध अभिव्यक्त गर्ने हो । हामीले आफ्नो कलालाई प्रदर्शन गर्ने हो । बेलायतले अमूल्य जीवन लिएर पनि हामी नेपालीहरूलाई गुमराहमा राख्यो र राखिरहने प्रयत्न गर्‍यो । अब त नेपालीहरू र पूर्व गोर्खाहरूका आँखा खुलेका छन् । हामी हामीमाथि भएको अन्यायका विरुद्ध निरन्तर लागि रहन्छौं ।

## युवा गीत

### युवा कम्युनिष्ट

● भ्लादीमिर मायाकोब्स्की

*'मृत्यु- खबरदार !'*
*बनाउँछ,*
*बिगार्छ,*
*भत्काउँछ*
*बहन्छ,*
*उत्रन्छ ।*
*र, सुसाउँछ,*
*हुँडेल्छ,*
*बोल्छ,*
*थामिन्छ,*
*र गर्जिन्छे*
*युवा सैन्य*
*लेनिनवादीहरूको*
*हामी*
*नयाँ रगत*
*शहरिया रसाका*
*सौम्य देह*
*भावनाञ्जाल*
*तानको धागो झैं*
*लेनिन- थिए,*
*लेनिन- छन्*
*लेनिन- अमर रहनेछन्*
*शोकमा डुब्यौं*
*लिएर नयाँ समाधि गृहमा*
*लेनिनको एक अंश*
*शरीर !*
*तर मिल्किने छैन,*
*न त हुनेछ माटो र खरानी*
*लेनिनको अति महत्वपूर्ण*
*काम*
*मृत्यु,*
*फ्याँक आफ्नो तरबार ।*
*तेरो हुकुम छ झुट्टा ।*
*आकाशको*
*बुतो चल्दैन अब*
*लेनिन- थिए*
*लेनिन- अमर रहनेछन्*
*लेनिन बाँचेका छन्*
*क्रेमलिनका पाइलाहरूद्वारा*
*पुँजीवका सिक्रीमा*
*जकडिएकाहरूका*
*नेता,*
*अमर रहने छन्*
*र, धरती पनि*
*गर्व राख्नेछिन्*
*लेनिनको चमक ।*
*अझै संसारभरि*
*विद्रोहहरू छेडिनेछन्-*
*सबै आँधी-बेहरीबाट*
*कम्युनको*
*बाटो खुल्नेछ ।*
*लेनिन- थिए*
*लेनिन- छन्,*
*लेनिन- अमर रहनेछन्*
*बिहानतर्फ लम्किएकी*
*र मरणासन्न*
*कुप्रो बुढी-*
*मृत्युलाई सूचनाः*
*'लेनिन' र 'मृत्यु'-*
*एक अर्काका बैरी ।*
*'लेनिन' र 'जीवन'-*
*साथीहरू ।*
*जब्बर हुँदै*
*सन्तान् हटाऊ*
*छातीले*
*शोकको बाढी रोक ।*
*हामी-*
*नगरौं सुँक्क-सुँक्क ।*
*लेनिन- थिए*
*लेनिन- छन*
*लेनिन अमर रहनेछन्*
*लेनिन नजिकै छन्-*
*ऊ यहाँ ।*
*लम्कने छन्*
*र मर्ने छन् हामीसितै*
*औ फेरि*
*जन्मनेछन्, प्रत्येकको जन्मसितै*
*शक्ति झैं*
*ज्ञान झैं*
*र ध्वजा झैं ।*
*धर्ती पैतलामुनि थर्थर ।*
*चारैदिशातर्फ*
*शब्दहरू-*
*लगाऊ धुनचक्कर*
*लेनिन- थिए*
*लेनिन- छन्*
*लेनिन- अमर रहनेछन्*
*लेनिनले पनि त*
*कखराबाटै सुरू गरेथे,-*
*जीवन-*
*प्रतिभाको ज्यासल ।*
*सानै उमेरदेखि*
*तल्लै कलादेखि*
*उफ्,*
*लेनिनलाई भट्टाउन ।*
*थरहरी हो,*
*ए गगनचुम्बी दरबार ।*
*सट्टहीको बजार*
*गर्नेछन् करुणा चित्कार*
*लेनिन- थिए*
*लेनिन- छन्*
*लेनिन- अमर रहनेछन्*
*लेनिन,*
*महान्भन्दा महानतम*
*तर*
*यो चमत्कार पनि हो*
*सबै युगको शिशुहरूको सृजना*
*हामी*
*समुदायका बच्चा हौं*
*मांसपेशीको*
*पुन्टा क्रस ।*
*दन्त-छुरी*
*ज्ञानमा धस ।*
*लेनिन- थिए*
*लेनिन- छन्*
*लेनिन- अमर रहनेछन्*
*बनाउँछ,*
*बिगार्छ,*
*भत्काउँछ*
*र उखेल्छ,*
*हुँडेल्छ,*
*बोल्छ,*
*थापिन्छ*
*र गर्जिन्छ-*
*युथ-सैन्यः*
*लेनिनवादीहरूको ।*
*हामी*
*नयाँ रगत*
*शहरिया नसाका*
*सौम्य देह,*
*भावना-जाल*
*तानको धागो झैं ।*
*लेनिन- थिए*
*लेनिन- छन्*
*लेनिन- अमर रहनेछन्*

साभार : कविता कथेर लेखिन्न, फुरेन भने कविता बन्दैनबाट

## जगत बा...

हँ मैले चिनेदेखि आजसम्म जगत बालाई धैरै फेरिएको देखेको छैन । यमुना न्यौपाने दाइले एउटा प्रसंगमा भन्नु भएको थियो "मैले भेटेदेखि जगत दाइ जस्ताको त्यस्तै र जत्राको त्यत्रै हुनुहुन्छ" यो मेरो पनि भोगाई हो ।

स्वभाविक रूपले जगत बाले परिवारिक हिसावले पनि आफ्ना मातापिता प्रतिको कर्तव्य, आफ्ना सन्तान प्रतिको भूमिका र जीवनसाथी प्रतिको समभाव र सहकार्यलाई पनि कहिल्यै बिर्सनु भएन । एउटा आदर्श छोरा, कुशल अभिभावक र सफल जीवनसाथीको रूपमा आफूलाई हमेसा उभ्याइरहनु भयो । श्रीमती अल्जाइमर रोगले ग्रस्त भएर बसेको अवस्थामा २०४औ घण्टा उहाँको जीवन पर्यन्त छायाँ बनेर पुरुषप्रधान समाजमा पनि एक असल पतिको रूपमा उहाँले आफूलाई उभ्याउनु भयो ।

**देशभक्ति र कविता :**

जगतबाको निम्ति सबैभन्दा बढी सम्वेदनशील विषय भनेको राष्ट्रियता हो । उहाँ राष्ट्रियताप्रति बढि संवेदनशील हुनुहुन्छ । राष्ट्रियताका सम्बन्धमा लेखिएका उहाँका कविता र निवन्धहरू मेरो धर्ती नामक कविता संग्रह र जगत बहादुर श्रेष्ठका निवन्धहरू गरी दुईवटा पुस्तक र थुप्रै फूटकर रचनाहरू प्रकाशित छन् । भारतीय विस्तारवादको चपेटामा परेका नेताहरूप्रति उहाँ कवितामै भन्नुहुन्छ-

*रअ आयो टिपी लग्यो टर्दैन त्यो टारेर*
*रअ को खेल एउटा नियती नै हेरियो*
*स्वास्नी च्याखे थापी खेल्ने जुवाडेको जस्तो*
*स्वाभिमान नै बेची खाने नेता यहाँ कस्तो*
*उठ जनता देश जान आँट्यो'*

**(मेरो धर्ती– पृष्ठ ०९)**

खवरदारी गदै उहाँ अझ भन्नु हुन्छ,

*'तेस्रो विकल्प हो*
*मेरो अस्थिपञ्जर*
*अङ्गप्रत्यङ्का अनगिन्ति हाडखोरहरू*
*मेरो अन्त्य पछि*
*मेचीदेखी महाकालीसम्म*
*शिला बनेर*
*शत्रुको बलमे नदेख्ने पहरो बन्ने छ'*
*जव दक्षिणी किनार*
*बफादार किल्ला बन्ने छ'*
*मेरो पनि भूमि*
*स्वतन्त्र स्वाबलम्वी बनिरहने छ'*
*मरो पीडाको पनि अन्त्य हुनेछ ।'*

**(मेरो धर्ती, पृष्ठ– ७८)**

**राजनीतिक आदर्श र निष्ठा :**

जगतबहादुर श्रेष्ठका व्यक्तित्वका धैरै आयामहरू हुँदाहुँदै पनि राजनैतिक व्यक्तित्व नै उहाँको मुख्य परिचय हो । वि.सं. २०१० सालमा ने.रा.वि फेडरेशन मार्फत् विद्यार्थी राजनितीमा प्रवेश गर्नु भएका जगतबाले २०१० मा नै लक्ष्मण बाबु श्रेष्ठको हातबाट पार्टी सदस्यता प्राप्त गर्नु भएको थियो । काठमाण्डौमा अध्ययनको क्रममा पुष्पलाल श्रेष्ठ, निर्मल लामा, हिक्मत सिं भण्डारीहरूसंग सम्पर्क पश्चात् राजनीतिले उहाँलाई बढी प्रभावित पार्‍यो । २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा जीवनमा पहिलो पटक जेल पर्नुभयो । २०१५ सालको संसदीय निर्वाचनमा गोर्खाबाट कृष्णप्रसाद भट्टराईसंग प्रतिस्पर्धा गर्नु भएको थियो । पार्टी आन्दोलन छिन्नभिन्न हुँदा पनि उहाँले आनन्ददेव भट्ट, गुणबहादुर घले, मथुराप्रसाद श्रेष्ठसंग मिलेर ल्यल ऋभलतचर्बा न्चयगउ गठन गरेर भए पनि क्रान्तिको पक्षमा काम गरिरहनु भयो । पछि मशाल हुँदै माओवादी बन्दा उहाँ पनि माओवादी बन्नुभयो । जनयुद्धमा सम्पर्क सूत्रको रूपमा काम गर्नुभयो । सेल्टर दिनु भयो । सेनाले गिरफ्तार गरेर लैजादा पनि डग्नु भएन । निरन्तर आन्दोलन, क्रान्ति र जनताको पक्षमा उभिनु भयो । जनयुद्धको मूल नेतृत्वले धोखा दिँदा पनि आस्था र विश्वासको सतिसाल भएर क्रान्तिका पक्षमा सधै उभिन सक्नु र सधै अरुलाई क्रान्तिप्रति आशावादी बन्न उत्प्रेरणा जगाउनु पनि साधारण विषय हैन ।

आज पनि कम्युनिष्ट आन्दोलन विशेषत माओवादी जनयुद्धका नेतृत्वदेखि तल्लो तहका नेता कार्यकर्ता सबैको आदर र सम्मानका पात्र भए तापनि उहाँमा एक असल कम्युनिष्टको सादगीपूर्ण जीवनको छाप भेटिन्छ । जति उच्च व्यक्तित्व छ, त्यति नै पुच्छरमा बसेर पनि उहाँले क्रान्ति र आन्दोलनको पक्षमा निरन्तर आवाज उठाइरहनु भएको छ । उच्च व्यक्तित्वका धनी जगत बा सांगठनिक रूपले जुनसुकै निकायमा रहे तापनि क्रान्ति र आन्दोलनको पक्षमा निरन्तर आवाज उठाइरहनु भएको छ । हाम्रो पुस्ताले विघटित र विश्रृंखलित भएको कम्युनिष्ट आन्दोलन र वर्ग संघर्षलाई नयाँ परिस्थितिमा ठिक ढंगले उठान गर्नका लागि जगत बाले खेलेको निरन्तर तथा अविचलित राजनीतिक दृढता तथा सांगठनिक क्रियाशीलतालाई ऐतिहासिक शिक्षाको रूपमा आत्मसात गर्दै अगाडी बढ्न सक्नु नै जगत बा प्रतिको सच्चा सम्मान ठहरिने छ ।

## भारतमा...

सो घोषणाको केही सातापछि नयाँ दिल्लीमा जुलुस प्रदर्शन गरेका किसानहरूका लागि हावादारी लाग्नु स्वाभाविक थियो ।

भारतमा चुनावमा मतदान गर्ने अधिकांश जनता ग्रामीण क्षेत्रमा बस्छन् । चुनावमा धनीभन्दा गरिब नै बढी सक्रियतापूर्वक भाग लिन्छन् । त्यस्तो अवस्थामा कृषि क्षेत्रम फैलिएको निराशा र अस्थीरताले राजनीतिमा प्रभाव पार्नु स्वाभाविक हो ।

सन् २०१४ को निर्वाचनपश्चात मोदीको भाजपा कसैले रोक्न नसक्ने राजनीतिक शक्तिको रूपमा अघि देखापर्‍यो । सन् २०१६ मा उत्तर प्रदेशमा भएको प्रादेशिक चुनावमा पार्टीले हासिल गरेको विजयले उसलाई अझ शक्तिशाली बनायो । केही महिनाअघि सम्म भारतका २९ राज्यमध्ये २० राज्यमा त भाजपाकै शासन थियो । तथापि सन् २०१७ मा मोदीको गृहराज्य गुजरातमा भएको प्रदेशसभाको चुनावमा भाजपाले भोग्नुपरेको कमजोर परिणामयता भाजपाको चहक धमिलो बन्दै गएको छ ।

सन् २०१८ को सुरूका छ महिनामा उत्तर प्रदेश र बिहारमा भएको संसदीय चुनावमा भाजपाले पराजय भोग्नुपर्‍यो । नयाँ दिल्लीमा किसानहरूले विरोध प्रदर्शन गरेको केही दिनपछि डिसेम्बर महिनाको सुरूमा राजस्थान, मध्यप्रदेश र छत्तिसगढमा भएको निर्वाचनमा भाजपाले पराजय भोग्नुपर्‍यो । टिप्पणीकारहरूका अनुसार ग्रामीण क्षेत्रका मतदाताबीच मोदी सरकारप्रतिको असन्तोषकै कारण भाजपाले चुनावमा हात धुनुपरेको थियो ।

यसले सन् २०१४ को निर्वाचनमा जुन जनाधारमा मोदीले विजय हासिल गरेको थियो, त्यो जनाधार आज विश्रृंखलित बन्दै गएको देखाएको छ । महत्वपूर्ण कुरा, मैले यसअघि पनि भनेको थिएँ, भाजपाको पुरानो जनाधार भनेको सहरी, मध्यवर्ग तथा उच्च जातीय वर्ग थिए । साढे चार वर्षअघि भाजपाले चुनावमा हासिल गरेको सफलताको मूलकारण भनेको आफ्नो पुरानो जनाधारभन्दा बिस्तारित हुने प्रयास नै थियो ।

अझ प्रष्ट शब्दमा भन्दा भाजपाले तल्लो जातीय समुदाय र ग्रामीण जनताबीच आफ्नो जनाधार बिस्तार गर्न सक्दा नै सन् २०१४ को निर्वाचनमा सफलता प्राप्त भएको थियो । ती समुदायका जनताले त्यत्तिञ्जेल या त काङ्ग्रेस पार्टीलाई नभए क्षेत्रीय जातीय पार्टीहरूलाई मतदान गर्न बाध्य थिए । तर आज यो चुनावी रणनीतिक कमजोर बन्दै गएको देखिंदैछ । त्यसबाहेक भारतका विपक्षी पार्टीहरूले कृषि क्षेत्रमा बढ्दो सङ्कटलाई आफ्नो साझा मिलनबिन्दु बनाएका छन् । मोदी र सत्तासीन दलले यो विषयमा यसमा कुनै ध्यान दिन सकेको छैन ।

सन् २०१९ मा भारतको ग्रामीण क्षेत्र मोदीको तरङ्गबाट मुक्त हुन सक्ला, तर नयाँ दिल्लीमा यो सरकार हटाएरै भारतको कृषि सङ्कटको समाधान भने गर्न सकिने छैन । चालु सङ्कटको जरा मोदी सरकारभन्दा गहिरो जरा लिएको छ । वास्तवमा काङ्ग्रेस र भाजपाका सरकारले दुई दसकयता भारतमा लागु गर्दै आएको नवउदारवादी नीति नै यसको मूल जरा हो । भारतीय अर्थतन्त्रका समस्याबाट कसैले मुक्ति नै खोजेको हो भने मोदीबाट मुक्तिले नै समस्या समाधान भइहाल्ने भने होइन । बजारमुखी नीतिको शासनकै कारण आजको भारतमा विपन्नता र समानता गहिरो बन्दै गएको हो ।

**(लेखक प्रिटोरिया विश्वविद्यालयमा समाजशास्त्रका प्राध्यापक हुन् ।)**

*स्रोतः अलजजिरा, अनुवादक नीरज लवजू*

## वाइडबडीका...

आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउनु पर्नेमा सरकारले यही १८ गते पूर्व प्रधानन्यायाधिश गोविन्द पराजुलीको संयोजकत्वमा गठन गरेको छानविन समितिलाई सरकारको भ्रष्ट मन्त्री र कर्मचारीलाई चोख्याउन गरिएको बदिनयतपूर्ण कदम भन्दै त्यसको विरोध गरिएको छ ।

वक्तव्यको अन्तमा देशभित्र र बाहिर छरिएर रहेका आम शोषित पीडित युवाहरूलाई क्रान्तिकारी युवा लिग, नेपालले भ्रष्टाचार, तस्कर, माफियाहरूका विरुद्ध थालेको यो अभियानमा लामबद्ध हुन समेत सार्वजनिक अपील गरिएको छ ।

आरवाइएलले नेकपा (क्रान्तिकारी माओवादी)को बुटबल बैठकले लिएको संघर्षको योजना अन्तर्गत रहेर नै कंसकारमाथि कालोमसो दलिएको जनाएको छ । क्रान्तिकारी माओवादीको बुटबल बैठकले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई लिएर जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षलाई अगाडि बढाउने निर्णय गरेको थियो । कंसकारमाथि गरिएको कारबाहीलाई संघर्षका तिनै योजनाहरूको कार्यान्वयनको सुरुवात रूपमा लिइएको छ ।

**भ्रष्टाचारीलाई उन्मुक्ति दिने खेल**

संसदको लेखा समिति सदस्य राजन केसी संयोजकत्वको उपसमितिले बहालवाला पर्यटन मन्त्री रविन्द्र अधिकारी, पूर्व मन्त्रीद्वय जीवनबहादुर शाही, जितेन्द्र नारायण देव, सञ्चालक समितिका पूर्वअध्यक्षहरू प्रेम राई (हाल गृहसचिव), शंकर अधिकारी र हालका सचिव कृष्णप्रसाद देवकोटा तथा महाप्रबन्धक कंसाकारलाई दोषी ठहर्याई 'तत्काल निलम्बन गरी हदैसम्मको दण्ड सजाय गर्न कानुनी कारबाही अघि बढाउन नेपाल सरकार र अख्तियारलाई निर्देशन दिन' सिफारिस गरेको थियो । हाल गृहसचिव रहेका राई प्रधानमन्त्री केपी ओलीका नजिकका विश्वासपात्र मानिन्छन् । भावी मुख्य सचिवका साथै अख्तियारको रिक्त आयुक्तमा समेत उनको नाम चर्चामा छ । ओलीले मन्त्री अधिकारीसहित सचिव राईलाई जोगाउन अर्को छानविन समिति गठन गरेको स्रोतले दावी गरेको छ ।

त्यसैकारण उपसमितिको प्रतिवेदनलाई लिएर लेखा समितिमै विवाद खडा गरिएको छ । नेपाली कांग्रेसका सांसद राजन केसीको संयोजकत्वका गठित उपसमितिले समितिमा पेश गरेको प्रतिवेदन निष्पक्ष नभएको, अपूर्ण रहेको र प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको भन्दै सत्तारुढ नेकपाका सांसदले आपत्ति जनाएका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले भने उपसमितिको प्रतिवेदनलाई पूर्णता दिएर पारित गर्नुपर्ने बताएको छ । शुक्रवार बसेको समिति बैठकमा सत्तापक्ष र प्रतिपक्षका सांसदहरू प्रतिवेदनको आलोचना र बचाउमा लागे । डबल नेकपाका सांसदहरूले सरकारले गठन गरेको उच्चस्तरीय छानविन आयोग र संसदकै अर्को समितिको प्रतिवेदन कुर्नुपर्ने बताए ।

प्रतिवेदनमाथिको छलफल निष्कर्षमा पुग्न नसकेपछि थप छलफलका लागि भन्दै समिति बैठक आज (सोमबार)सम्मका लागि स्थगित भएको छ ।

## कंसाकारलाई...

तिनै योजनाहरूको प्रारम्भिक उद्घाटन मात्रै हो । यस्ता हजारौं एक्सनहरूको आवश्यकता ग्रामीण तहसम्म खड्किएका छन् । दिनको संकेत विहानीले गर्छ भनेझै कंसकारमाथिको एक्सनले आरवाइएलका आगामी एक्सनहरूतर्फ संकेत गरेको प्रष्ट छ ।

क्रान्तिकारी माओवादीसँग अन्तर्संघर्ष र वर्गसंघर्ष तथा जनआन्दोलन र जनयुद्धका अनुभवहरूले खारिएको परिपक्व नेतृत्वको टिम छ । क्रान्तिको रणनीति र कार्यनीतिक स्टेपहरूको श्रृङ्खला जोड्न पनि यो नेतृत्व खप्पिस छ । अहिलेको नेपाली कम्युनिस्ट आन्दोलनको सबैभन्दा अग्रगामी तथा क्रान्तिकारी धारको नेतृत्व यही पंक्तिले गरेको छ । निष्ठा, इमान्दारिता, त्याग र समर्पण र आदर्शका हिसाबले पनि यो पंक्ति उदाहारणीय रहेको छ । अब जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षकै बीचबाट छरिएर रहेका क्रान्तिकारीहरू क्रान्तिको यही धारामा समाहित हुँदै जाने देखिन्छ र अबको नेपालको वैकल्पिक क्रान्तिकारी राजनीतिक शक्ति भनेको क्रान्तिकारी माओवादी नै हो । कतिपयलाई भ्रम छ कि क्रान्तिकारी राजनीतिक शक्ति भनेको विप्लव नेतृत्वको नेकपा हो कि भनेर । अब त्यो भ्रम क्रमशः साफ हुँदै जानेछ । किनकि, विप्लव नेतृत्वको नेकपासँग स्पष्ट राजनीतिक तथा फौजी कार्यदिशा छैन । उसका सबै गतिविधि अर्थ संकलनमा केन्द्रित हुँदै आएका छन् । वर्तमान दलाल राज्यव्यवस्थाभित्रै सत्तासाझेदारीका लागि 'बार्गेनिङ राजनीति' मात्रै गरिरहेको हो कि भन्ने पनि आशंकाहरू बाक्लिदा छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूमा उसका संघर्षहरू केन्द्रित देखिदैनन् । तसर्थ, जनतामा विप्लव नेतृत्वको नेकपाप्रतिको छवि त्यति राम्रो देखिएको छैन । दाउपेचपूर्ण राजनीति, रहस्यमय गतिविधिका कारण पनि उसप्रति विश्वासभन्दा शंका गर्नेहरूको पंक्ति ठूलो छ । यसर्थ अबको उदाउँदो वैकल्पिक राजनीतिक शक्ति भनेको क्रान्तिकारी माओवादी नै हो । त्यसका लागि समग्र क्षेत्रमा श्रेष्ठता उसले संघर्षकै बीचबाट हासिल गर्दै जाने निश्चित छ ।

प्रत्याक्रमणको दोस्रो चरणको दोस्रो योजनासम्म पुगेको जनयुद्धले सेटब्याक खाएपछि अहिले अवश्य पनि जनयुद्ध लडेको पंक्तिभित्र चरम निराशा छ, त्यो निराशा आमूल परिवर्तनका पक्षधर जनताको विशाल पंक्तिमा पनि छ । विकल्प नदेखेपछि कम्युनिस्ट वा वामको नाममा तत्कालीन एमाले र माकेलाई भोट दिएर सरकारको नेतृत्व गर्ने हैसियत दिलाएपनि वर्तमान ओली नेतृत्वको सरकारले देश र जनताको तथा परिवर्तनको पक्षमा कुनै काम गर्नुको सट्टा विगतका सरकारहरूभन्दा पनि खराब चरित्र प्रदर्शन गरेपछि जनतामा अझ बढी निराशा छाएको छ । हत्या, हिंसा, बलात्कार, महंगी, बेरोजगारी, कालोबजारी, अन्यौलता, अनिश्चितता, भ्रष्टाचार, अनियमितता संस्थागत रूपमै सिंहदरबारदेखि स्थानीय तहसम्म बढेर गइरहँदा जनता ओली नेतृत्वको सरकारबाट आजित हुन पुगेका छन् र जनताले छोटो समयमै ओली नेतृत्वको सरकार मात्र होइन, वर्तमान दलाल संसदीय व्यवस्थाको नै विकल्प खोज्न थालेका छन् । यही मौका पारेर प्रतिगामी तथा पुनरुत्थानवादी शक्तिले पनि टाउको उठान थालेको छ । त्यो शक्तिका विरुद्ध समेत लड्दै क्रान्तिकारी राजनीतिक शक्तिले वर्तमान दलाल संसदीय राज्यव्यवस्थाको समूल अन्त्यका लागि आफूलाई सुदृढ पारी ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा संघर्षका योजनाहरूलाई अगाडि बढाउन जरुरी छ । पार्टी र आन्दोलनको जीवन संघर्षमै अन्तर्निहित रहेको छ ।

## बिगेसोको...

सौगातका रूपमा त्यसदिन कसरी पस्कने भनेर छलफल भएको थियो ।

छलफलको सुरुआतमा बिगेसोका सभापति पदम सुन्दर लिम्बुले मुख्य कार्यक्रमका विषयवस्तुहरूलाई अभिव्यक्त गर्ने गरी तयारीको कामको समीक्षा तथा बाँकी कामको तदारुकताका लागि थप सुझावहरू दिएका थिए । उनको जोड प्रस्तुत गरिने कार्यक्रमले अन्तर्यमा वैचारिक भाव बोकेको हुनाले तिनलाई कलात्मक रूपले अभिव्यक्त गरिनु पर्ने कुरामा थियो ।

माघ ११ गते हुन गइरहेको सांस्कृतिक कार्यक्रमको संयोजक मनु नेम्वाङले कार्यक्रम प्रदर्शनको समय निकै छोटो भएको हुनाले तयारीमा तिब्रता दिइरहेको बताएकी थिइन् । अबको लगभग २ सातापछि नै प्रस्तुत हुने कार्यक्रममा सबै सहभागी दत्तचित्त भएर लागेको बताउँदै यसलाई सफलतापूर्वक सम्पन्न गरिने विश्वाससमेत व्यक्त गरिन् ।

अन्तरक्रिया कार्यक्रममा यासेली योङहाङले आफूले तयार पारेको नाटकको पृष्ठभूमि, यसको विषयवस्तु, दिनखोजेको सन्देश, नाटकमा उतारि नुपर्ने बिम्बहरू, त्यसको नाटकीय स्वरूप, अभिव्यक्ति तथा हावभाउहरूका बारेमा पात्रहरूले खेल्नुपर्ने भूमिकासहित आफ्ना कुराहरू गम्भीर भावमा अभिव्यक्त गरेका थिए । नाटकलाई दर्शकमाझ जीवन्त रूपमा उतार्न महत्वपूर्ण सुझावहरू दिएका थिए ।

अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि परि थापाले सौन्दर्यको परिभाषामाथि प्रकाश पार्दै सांस्कृतिक कार्यक्रम आफैमा कला कलाका लागि मात्र नभएर कला आन्दोलन र सन्देशका लागि हुने बताएका थिए । कला कलाका लागि वा मनोरञ्जनका लागि पनि मानिने गरिन्छ, तर यो संसारमा कला मूलतः परिवर्तन, रूपान्तरण र सन्देशका लागि प्रयोगमा आएको बताउँदै थापाले सांस्कृतिक कार्यक्रम मूलतः अभियानको एक अंश रहेको र अभियन्ताहरूले यसलाई नयाँ नयाँ उचाइमा परिस्कृत र विकसित गरेर अघि बढाउँदै लैजानुपर्ने कुरामा जोड दिएका थिए । कार्यक्रमको सञ्चालन गर्दै सर्मन याक्सोले अन्तरक्रिया कार्यक्रमको स्वरूप, विषयवस्तु र यसको तयारीका लागि भएको उपस्थितिमाथि सौन्दर्यपूर्ण तरिकाले प्रकाश पारेका थिए । निकै आकर्षक र मिठासपूर्ण तरिकाले कार्यक्रको सुरुआत गरेका थिए ।

कार्यक्रमका लागि आर्थिक सहयोग गर्नुहुने समाजसेवी सूर्य खापुङ र गायिका रीता थोम्बो ठूलीलाई अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि परि थापाले खादा ओढाएर सम्मान अभिनन्दन गरेका थिए । नायिका लक्ष्मी योङहाङ, गायिका देशु सोहाङ, मोडल नृत्यकार नुमा शेर्पा, केसु पुन, विक्रम थापा, रोशा नेम्वाङ, मनु सुब्बा, बेष्ट अवार्ड विजेता फिल्म डाइरेक्टर चन्द्र वाम्बुले आदि विशिष्ट व्यक्तिहरूको उपस्थितिले कार्यक्रम निकै रोचक र सहभागितामूलक बनेको थियो ।

फोटो ग्राफर तथा पत्रकारहरूले सबै दृश्य क्यामरामा कैद गरिहेका थिए भने अन्तरक्रिया अपनत्वको भावसहित एकाकार भएर चलेका थियो । हाल नेपाल, हङकङ, अफ्रिका, अमेरिका, युएई, क्यानडा लगायतका देशहरूमा विभिन्न शाखाहरू रहेको बिगेसोको काठमाडौंमा सम्पन्न यस अन्तरक्रिया कार्यक्रम नेपालको स्वाभिमान र स्वाधीनतामाथि प्रकाश पार्दै असमान सन्धिसंझौताहरूको विरुद्धमा सधैं लागिरहने कुरामा केन्द्रित थियो ।


## क्रान्तिकारी...

दिवस मनाएको छ । क्रान्तिकारी माओवादी रामेछापको आयोजनामा बेथानको पानीघाटमा आयोजना २२ औं बेथान वीरता स्मृति दिवस मनाएको हो । काजीबाबु खड्का अध्यक्षता र लाङ्वाली मगरले सञ्चालन गरेको कार्यक्रमलाई क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य दिनेश शर्मा, केसद्वय गणेश खड्गी, फुर्नाम्गेल मोक्तान, भरत बुर्जा, सहिद तिर्थ गौतमकी छोरी वेली गौतमलगायतले सम्बोधन गरेका थिए ।

२०५३ साल पुस १९ गते राती तत्कालीन नेकपा (माओवादी), पूर्वाञ्चल ब्युरोअन्तर्गत रामेछापको बेथानमा छापामार दस्ताबाट भएको सशस्त्र फौजी कारबाहीको क्रममा पूर्वाञ्चल उप-क्षेत्रीय ब्युरोका सदस्य तथा छापामार कमान्डर तीर्थ गौतम, छापामार सदस्य दीलमाया योञ्जन र फत्तबहादुर मगर (स्माली)ले दुश्मनविरुद्ध लड्दा-लड्दै सहादत प्राप्त गरेका थिए । सोही सम्झनामा क्रान्तिकारी माओवादीले प्रत्येक वर्ष वेथान वीरता स्मृति दिवस मनाउँदै आएको छ । त्यसबेला 'योजनाबद्ध ढंगले छापामार इलाका निर्माण गरौं' भन्ने मूल नारासहित छापामार इलाकाको निर्माण गर्ने, युद्धसामाग्री कब्जा गर्ने र दुश्मनको शक्ति छिन्नभिन्न गर्ने र, छापामार इलाका निर्माणका लागि व्यापक जनपरिचालन गर्ने उद्देश्यसहितको योजनाअन्तर्गत बेथान चौकीमा आक्रमण गरिएको थियो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७–५२११६९ सिन्धुली
९८४१०१६०४९ ढकाल बाजे
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१–५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# कंसकारलाई दलिएको कालोमोसो र भ्रष्टाचारको महामारी

● विनोद सहयात्री

शुक्रबार अर्थात् २०७५ पौष २० गते । लेखा समिति सदस्य राजन केसीको संयोजकत्वमा बनेको उपसमितिले तयार पारेको छानविन प्रतिवेदनले नेपाल वायुसेवा निगमको दुईवटा वाइडबडी जहाज खरिदमा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएको ठहर गरी त्यसका लागि बहालवाला पर्यटन मन्त्री रविन्द्र अधिकारी, पूर्व मन्त्रीहरू जीवनबहादुर शाही, जितेन्द्र नारायण देव, हाल गृहसचिव रहेका प्रेम राईलगायत निगम सञ्चालक समितिका अध्यक्ष शंकर अधिकारी, हालका सचिव कृष्णप्रसाद देवकोटा तथा निगमका महाप्रबन्धक सुगतरत्न कंसकारलाई दोषी ठह्र्याई 'तत्काल निलम्बन गरी हदैसम्मको दण्ड सजाय गर्न कानुनी कारबाही अघि बढाउन नेपाल सरकार र अख्तियारलाई निर्देशन दिन' सिफारिस गरेको थियो । यही विषयलाई लिएर संसदमा गरमागरम बहस चलिरहेको थियो र निमगका महाप्रबन्धक कंसकारलाई सांसदहरूले 'भ्रष्टाचारको महानायक' भन्दै उछितो काडीहरहेका थिए र मिडियाहरूले पनि वाइडबडी प्रकरणमा कंसकारले मुख्य चलखेल गरेको विश्लेषण गरिरहेका थिए । यही मौकालाई सदुपायोग गर्दै नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालले भ्रष्टाचारीको रूपमा बद्नाम निगमका महाप्रबन्धक कंसकारलाई कार्यकक्षभित्रै कालोमसो दल्यो । क्रान्तिकारी युवा लिगको यो कदम सामाजिक सञ्जाल र अनलाइन मिडियाहरूमा सनसनीपूर्ण रूपमा फैलियो र भाइरल नै बन्यो । र, सबैतिरबाट आरवाइएलको यो कदमले प्रशंसा र सकारात्मक प्रतिक्रिया पायो । आरवाइएललाई भ्रष्टाचारीहरूका विरुद्ध थालिएको यो कारबाहीलाई देशव्यापी बनाउन र दलाल संसदीय राजनीतिक पार्टीका नेताहरू भ्रष्टाचारका असली नाइके भएकाले भ्रष्ट राजनीतिक नेताहरूमाथि पनि कारबाही थाल्न अग्रसर हुनुपर्ने सुझाव पनि सामाजिक सञ्जालमा ओइरिए । सिंगो देश भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको र राज्यव्यवस्थाका सञ्चालकहरू नै संस्थागत भ्रष्टाचार र अनियमिततामा लिप्त रहेको र देशमा ब्रम्हलुट मच्चाइरहेको अवस्थामा आइवाइएलले गरेको भ्रष्टाचारविरोधी यो कारबाहीले निराश बनेका र विकल्प खोजिरहेका जनतामा एउटा आशाको सञ्चार गरेको देखियो । भ्रष्टाचारलाई निर्मूल पारी देशमा सुशासन कायम गर्ने जिम्मा लिएको सरकारका मन्त्री र सचिवहरू नै यसरी भ्रष्टाचारमा लिप्त हुन थालेपछि आरवाइएलले गरेको कारबाहीप्रति जनताले खुलेर समर्थन गर्ने परिस्थिति सिर्जना भएको हो । आरवाइएलले गरेको यो कारबाहीलाई ठोस परिस्थितिको ठोस विश्लेषण गरी 'राइट टाइममा गरिएको राइट एक्सन'को रूपमा विश्लेषण गरिएको छ । यो कारबाहीसँगै राजनीतिक वृतमा क्रान्तिकारी माओवादीको राजनीतिक ग्राफ ह्वात्तै बढेको छ र अबको वास्तविक वैकल्पिक राजनीतिक शक्तिको रूपमा क्रान्तिकारी माओवादीको चर्चा पनि हुन थालेको छ ।

क्रान्तिकारी माओवादी यतिबेला नयाँ जनवादी क्रान्तिको तयारीको चरणमा छ । हिजो सँगै जनयुद्ध लडेर आएका एकथरिले (नवसंशोधनवादी तथा अवसरवादीहरूले) नयाँ जनवादी क्रान्ति सम्पन्न भइसकेको विश्लेषण गर्दैगर्दा क्रान्तिकारी माओवादीले भने नयाँ जनवादी क्रान्तिको कार्यभार अझै पूरा नभएको विश्लेषण गर्दै त्यसलाई सम्पन्न गर्न क्रान्तिका तीन जादुगरी हतियारहरू क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेनाको आवश्यकतामाथि जोड दिँदै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूको समाधानका लागि क्रान्तिको अपरिहार्यताको विश्लेषणका साथ त्यसलाई संगठित गर्ने अभियानमा जुटिरहेको छ । वस्तुगत रूपले क्रान्तिको लागि परिस्थिति अनुकूल भएको विश्लेषण गर्दै उसले आत्मगत अवस्थालाई सुदृढ बनाउँदै अगाडि बढिरहेको छ । संगठन र संघर्षको द्वन्द्वात्मकतालाई ध्यान दिँदै हालै सम्पन्न बुटवल बैठकबाट क्रान्तिकारी माओवादीले जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षलाई केन्द्रमा राखेर योजना निर्माण गरेको छ । निगमका महाप्रबन्धक कंसकारमाथि गरिएको 'एक्सन' संघर्षका ...बाँकी ७ पेजमा




## आदिवासी जनजाति महासंघको ५ नं. प्रदेश संयोजकमा छन्त्याल

● राजु भुजेल

बुटवल । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित अखिल नेपाल आदिवासी जनजाति महासंघ ५ नं. प्रदेशको शनिबार बुटवलमा भेला सम्पन्न भएको छ । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य एवं ५ नं. प्रदेश संयोजक प्रमोदको प्रमुख आतिथ्यता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ५ नं. प्रदेश संयोजक के.बि. गुरुङको विशेष उपस्थितिमा सम्पन्न भेलाले दल बहादुर छन्त्यालको संयोजकत्वमा १७ सदस्यीय अखिल नेपाल आदिवासी जनजाति महासंघ ५ नं. प्रदेश कमिटि गठन गरेको छ । अन्य सदस्यहरूमा क्रमशः तेजकुमारी थापा मगर- गुल्मी, निमकला पुन- रूपन्देही, पदम लामिछाने मगर- पाल्पा, गोविन्द साठीघरे मगर- परासी, दुर्गा चौधरी- परासी, ज्ञान बहादुर राना- रूपन्देही, लिला बहादुर श्रेष्ठ- पाल्पा, मुक्त बहादुर थापा मगर - बाँके, लिल बहादुर गुरुङ्- प्युठान, पुनितराम चौधरी लगायत रहेका छन् ।

## अनेमसंघ (क्रान्तिकारी) ५ नं. प्रदेशको संयोजकमा थापा

● राजु भुजेल

बुटवल । पाँच नं. प्रदेशको राजधानी रूपन्देहीको बुटवलमा अखिल नेपाल महिला संघ (क्रान्किारी)को प्रदेश स्तरीय भेला सम्पन्न भएको छ । भेलाले तेजकुमारी थापाको संयोजकत्वमा अखिल नेपाल महिला संघ (क्रान्किारी) ५ नं. प्रदेश कमिटि गठन गरेको छ । केन्द्रीय महासचिव अम्बिका मुडभरीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाद्वारा निर्वाचित अन्य सदस्यहरूमा निमकला पुन- रूपन्देही, शसिकला वैद्य- दाङ, चुनिकला वि. क.- पाल्पा, गंगा न्यौपाने- बर्दिया, पवित्रा घर्ती - प्युठान, दुर्गा अधिकारी- बर्दिया, लिला तरामु- गुल्मी, ललिता रुचाल- बाँके, कनिद मिया- कपिलवस्तु, टोपली राना- गुल्मी, धनकुमारी बोहरा- बाँके, उर्मीला थापा - नवलपरासी, दिपा सिटौला - रूपन्देही, हेमन्त घिमिरे - दाङ, कमला गौतम - रूपन्देही र सुनिका मल्ल- बर्दिया रहनु भएको छ ।

# क्रान्तिकारी माओवादी ललितपुरले सुरु गर्‍यो भित्ते लेखन



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरले भित्ते लेखन सुरु गरेको छ । ललितपुरको गोदावरी नपाको चापागाउँबाट भित्ते लेखन सुरु गरिएको पार्टीका ललितपुर इन्चार्ज हरिकृष्ण गजुरेलले बताए ।

उनका अनुसार देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको चैत्र २४ मा हुने राष्ट्रिय सम्मेलनलाई लक्षित गरी भित्ते लेखन, कोणसभा, चोकसभा, संगठन र संघर्षका कामलाई अभियानको रूपमा अगाडि बढाउने कार्यक्रम तय गरिएको छ । इन्चार्ज हरिकृष्ण गजुरेल, सेक्रेटरी श्याम केसी, देजमो संयोजक इन्दिरा अधिकारी, नेवाः मोर्चाका संयोजक जगदीश्वर महर्जनलगायत नेताहरूको सहभागिता सुरु गरिएको भित्ते लेखनमा 'संघीय जनगणतान्त्रिक नेपाल- जिन्दावाद, पश्चगामी संविधान- खारेज गर, नेकपा (क्रान्तिकारी माओवादी)- जिन्दावाद, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल- जिन्दावाद, सडक विस्तारको नाममा ऐतिहासिक सम्पदा तथा बस्ती मास्न पाइँदैन ।' भन्ने नाराहरू लेखिएका छन् ।

## उमेरको...

पनि जनता नै इतिहासका निर्माता हुन् । भनेको कुरा लागु भइनै रहेको छ । कुरा दुइटा छ । कि चुनाव जितिन्छ त्याग, तपस्या र वलिदानले कि पैसाले । एक समय थियो सत्ताको प्रचारले गर्दा झापाली भनेपछि छिःछिः र दुरदुर गर्ने टाउको कटुवा, ज्यानमारा, दुलाबाट निस्केर नेता बन्न पाइदैन जस्ता नारा लाग्थे । नेपाली आकाशमा ०४६ को परिवर्तनपछि धर्मदत्त ढकालको टाउको काट्नेहरूले झापामा ६ वटै सिट जिते । महान् लेनिनले एक मुठ्ठी बोल्सेभिकहरूको नेतृत्वमा जब सन् १९१७ को अक्टोबर २४ को राति १२ बजे सत्ताकब्जा गरे क्रान्तिबाट आधा रसियन हाम्रो पार्टीमा आए भन्नु भएको थियो ।

त्यसैगरी १० वर्षको महान् जनयुद्धमा त्याग, तपस्या र वलिदान गरेकै कारण आधा नेपाली जनता नेकपा (माओवादी) पार्टीमा आए, २४० सिटमध्ये १२० सिट जिताए त्यति खेर पैसा खोइ काम गरेको ? जब किसान र मजदुरको नाममा दलाल, नोकरशाह र सामन्त वर्गको प्रतिक्रियावादी सरकारमा गएर वर्ग उठाएर किसान र मजदुरलाई शोषण गर्न थाले नेपाली राजनीतिमा इतिहासमै राजनैतिक पार्टी र नेताप्रति घृणा उत्पन्न भयो र सबै राजनैतिक पार्टी र नेताहरूप्रति घृणा ओकल्न थाले । कांग्रेस, एमालेप्रति त पहिले नै अविश्वास जारी गरिसकेकै हुन् । पूर्वमाकेप्रति पनि अविश्वास जारी गरिसकेपछि नेपाली राजनीतिमा भयङ्कर विश्वासको खडेरी परेको छ । यो खाली ठाउँ भर्न र बहसलाई विचार, त्याग, तपस्या, वलिदानबाट अन्यत्र मोड्न, उमेर, पुस्ताको कुरा ल्याउन थालिएको छ । त्याग, तपस्या, वलिदानबाट अन्यत्र मोड्न, उमेर, पुस्ताको कुरा ल्याउन थालिएको छ । त्याग, तपस्या, वलिदान नगरेका जेलनेल, भूमिगत, निर्वासनमा नबसेका, उमेरका धाक लगाउने तथाकथित युवा भनाउदाहरू बुढाहरूले हामीलाई सत्ता छोड्नु पर्छ भन्न थालेका छन् । सही विचार छ भने निश्चयनै उमेरको पनि महत्व हुन्छ ! हरेक नयाँ आविष्कार र क्रान्तिको सुरुवात इतिहासमा वैज्ञानिकहरू क्रान्तिकारी नेताहरूले युवा उमेरमै गरेका छन् पनि पछि त त्यसलाई निरन्तरता दिने हो । जनयुद्ध राम्रोसँग हाक्न सक्ने युवा भनेरै प्रचण्डलाई ३५ वर्षमै महासचिव बनाएको हो त आखिर प्रचण्ड नै प्रतिक्रान्तिका संवाहक र साम्राज्यवाद-विस्तारवाद, संशोधनवादमा परस्त भए त, विचारको वीडो त आखिर प्रचण्डभन्दा जेठा किरणले नै धान्नु पर्‍यो । उमेरमा माओभन्दा कान्छो तेङ सियाओ पिङले चीनमा र स्टालिनभन्दा कान्छो ख्रुश्चोभले नै रुसमा प्रतिक्रान्तिको नेतृत्व गरे त । हो संसारभर विचारको विजय भइसकेपछि यथास्थितिवादी सिद्धान्त कायम भइसकेपछि उमेरको कुरा उठाउनुलाई नै विसेक मान्न सकिन्छ । संसदीय व्यवस्था स्थापित भइसकेका अमेरिकालगायतका देशमा एउटा व्यक्ति दुई कार्यकालभन्दा बढी सत्तामा नबस्ने कुरा जायज नै मानौं । इन्जिन बनाउन कुशल वैज्ञानिक चाहिन्छ, तर वनि सकेको इञ्जिन फिट गरिसकेपछि थोरै तालिम लिएर ड्राइभरले सजिलै हाँक्छ । त

यसकारण प्रगतिशील सिद्धान्त नयाँ जनवाद, समाजवाद र साम्यवाद ल्याउने वैज्ञानिक पार्टीले पहिलो प्राथमिकतामा विचार र सिद्धान्तलाई राख्नु पर्छ । बुढाहरूले क्रान्ति गर्दैनन् भनेर मोदी आएकै 'शुभमुहूर्त' छोपेर क्रान्तिकारी पार्टी फोरेर साम्राज्यवाद र विस्तारवादलाई खुशी पार्दै सेना र पुलिससँग मिलेर क्रान्ति गर्ने भन्ने युवाको क्रान्ति हामीले यो चार वर्षमा देखि सकेनौं र ? त्यसैले यथास्थितिवादी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्थाका हिमायती डवल नेकपा र नेपाली कांग्रेसमा बुढाहरूले भकारो खाली गर्नुपर्छ भन्ने कुरालाई स्वाभाविकै माने पनि क्रान्तिकारी पार्टीमा विचार र सिद्धान्तलाई गौण पार्ने गरी उमेरको कुरा उठाउनेलाई कदापी बर्दास्त गर्न सकिदैन । विचारसहितको उमेरको कुरामा भने बहस गर्न सकिन्छ । भीषण वर्गसंघर्ष, दुईलाइन संघर्ष, अन्तरसंघर्ष र आत्मसंघर्षलाई जितेर आएका युवाहरूको टिमलाई हामीले विश्वास गर्नुपर्छ । उनीहरूलाई प्रशिक्षित गदै उत्तराधिकारीहरूको लामबद्ध श्रृंखला तयार पार्नुपर्छ र उपयुक्त समयमा सामूहिक नेतृत्वको केन्द्रीकृत अभिव्यक्तिको रूपमा टीममध्येबाट एउटा टीम लिडर छान्न सकिन्छ । क्रान्ति गर्न, विचारको नेतृत्व गर्न उमेरले छेक्दैन माओले चीनमा पुँजीपन्थीहरूले कब्जा गरिसकेको आठौं महाधिवेशन र आठौं केन्द्रीय समितिलाई वैचारिक बहस गरेर अल्पमतमा परिसकेको स्थितिलाई उल्टाएर बहुमत पुर्‍याउँदै पार्टीभित्र घुस्न सफल पेङते हुई लगायतलाई पार्टीबाट ६३ वर्षको उमेरमा सन् १९५६ मा निष्काशन गरेका हुन् । पुँजीपन्थीहरूले पार्टी र सरकारको नेतृत्व कब्जा गर्दै हेडक्वाटर सञ्चालन गरेपछि, वसन्तको मेघ गर्जन झैं संसारलाई हल्लाउने र तरंगीत गराउने महान सर्वहारा साँस्कृतिक क्रान्तिको उद्घोष गर्दै 'वम वार्ड द बुर्जुवा हेडक्वाटर' भनेर ८० करोड चिनियाँ जनतालाई सडकमा उतार्दा माओ ७३ वर्षका बुढा थिए खोई त उमेरले क्रान्तिलाई छेकेको ?


त्यसकारण प्रश्न वुढाहरूको होइन, युवाहरूको पनि होइन विचारको हो । विचारसहितको युवाहरूलाई हामीले प्राथमिकतामा राख्न सकिन्छ । तर युवाहरूमा प्रविधि बदलिरहने खतरा हुने हुँदा भर पर्न सकिदैन । झन् हाम्रो जस्तो निम्न पुँजीवादी देशमा 'आकाशबाट घाम पनि भगवानले नै लगाइदिने र पानी पनि इन्द्र देवताले पारिदिने' सोच र चिन्तन भएको टुक्रे उत्पादन पद्धति र छरिएका घरहरू भएको देशमा क्रान्ति केही वीरहरूको विषय बन्ने खतरा रहिरहन्छ । एकपटक एउटा नेतामा विश्वास जागिसकेपछि 'क्रान्ति सोच्ने विषय सम्पूर्ण रूपमा उसैलाई जिम्मा दिइन्छ' र अरुले त झोला वा बन्दुक बोकेर उसका हुकुम तामेली गर्ने नवदासहरू मात्र हुन्छन् । यही कुरा नेपाली राजनीतिमा, वर्ग संघर्षमा बारम्बार दोहोरिरहेको छ, । यसलाई चिर्दै सही गरुन्जेल सही भन्ने र गलत गरेपछि गलत भन्न सक्ने चेतना उठाउन जरुरी छ । यसैलाई भनिन्छ 'अमेरिकी कार्य दक्षता र रुसी कार्यशैलीलाई मिलाउने' कुरा । यसको अभावमा कि दक्षिणपन्थी निरासा कुण्ठा पलायन की ? निम्न पुँजीवादी अधैर्यता, दुस्साहस जडसुत्रता । यसलाई सन्तुलन मिलाउननै मुख्य गरेर पार्टी वृद्ध-प्रौढ र युवाको सन्तुलन हुनैपर्छ । समाजमा रहेका यी तीनै समूहलाई पार्टी र संगठनमा सन्तुलन मिलाइएन भने कि गफ गर्ने क्लब, कि सल्लाह गर्दागर्दै सात गाउँ माझी डुब्ने अन्तहिन वाद-विवाद कि पहरोमा कुइनो ठोक्काएर आत्महत्या गर्ने दुस्साहसमा बदलिन्छ । यी तीन समूहको सन्तुलन नै पार्टी र संगठनको पनि सन्तुलन हुन पुग्छ । यसमा निर्णायक तत्व विचार र सिद्धान्तकै हुन पुग्छ । अघि पछि युवाहरूले नेतृत्व लिएर गतिदिनु पर्छ भन्ने मुसे मिटिङहरू जव वास्तविक रूपमा विरालाका अगाडि पर्छन छनौट गर्ने पार्टीको कुरै छोडौ निर्वाचन गर्ने पार्टीमा समेत अध्यक्षमा उम्मेदवार दिएर प्रतिस्पर्धा गरेर विरालोको घाटीमा घण्टी झुन्डाउने जमर्कोसमेत नगरेर दुला पस्छन् र कांग्रेस पार्टीमा ७० वर्ष कटेका देउवा र रामचन्द्र एमालेमा पाइला टेक्नै लागेका ओली र माकुनेलाई मैदान खाली छोडेर ' कथित' युवाहरू दुईतिर बाडिन्छन् । थोर बहुत नेपाली राजनीतिमा सबै क्रियाशील राजनैतिक पार्टीहरूमा यही नियम लागू भइरहेको छ ।

## आरवाइएलका...

एक वक्तव्य जारी गरी सुरेश तामाङ पार्टीको जिल्ला सचिवालय सदस्य तथा चन्द्रागिरी नगर कमिटिको इन्चार्ज रहेको भन्दै विनाशर्त तत्काल रिहा गर्न माग गरेकी छन् । विना कसुर प्रहरीको सिआइबी टोलीले घरैबाट गिरफ्तार गरी प्रहरी परिसर टेकुमा राखेको उल्लेख गर्दै वक्तव्यमा तामाङ पक्राउको घोर विरोध गरिएको छ । वक्तव्यमा नेता तामाङलाई तत्काल रिहाई नगरे त्यसबाट उत्पन्न परिस्थितिको जवाफदेही सम्बन्धित निकाय हुने चेतावनी दिइएको छ ।

महाशाखाका प्रमुख एसएसपी धिरजप्रताप सिंहले तामाङ पक्राउको पुष्टि गर्दै घटनामा संलग्न अन्यको समेत खोजी भइरहेको बताए ।




प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।